# नयाँ शहरी कार्यसूची

## २३ डिसेम्बर २०१६ मा महासभाबाट पारित निर्णय

(मूल समितिको सन्दर्भ बाहेक (A/71/L.23)

७१।२५६. नयाँ शहरी कार्यसूची

साधारण सभा,

संयुक्त राष्ट्रहरुको आवास तथा दिगो शहरी बिकास सम्मेलन (ह्याबिटाट ३) आयोजना गर्ने निर्णय सहितको मिति २१ डिसेम्बर २०१२ को निर्णय ६७।२१६ को साथै २७ डिसेम्बर २०१३ को निर्णय ६८।२३९ १९ डिसेम्बर २०१४ को निर्णय ६८।२२६ तथा २२ डिसेम्बर २०१५ को निर्णय ७०।२१० समेत संस्मरण गर्दै,

१. १७ देखि २० अक्टोबर २०१६ सम्म संयुक्त **राष्ट्रहरुको** आवास तथा दिगो शहरी बिकास सम्मेलन (ह्याबिट्याट ३) को आयोजना तथा आवश्यक सहयोगको लागि इक्वेडर सरकार तथा त्यहाँका जनताप्रति हार्दिक आभार प्रकट गर्दछ,

२. यस निर्णयको अनुसूचीमा समावेश गरिएको संयुक्त राष्ट्रहरुको आवास तथा दिगो शहरी बिकास सम्मेलन (ह्याबिट्याट ३) को **नयाँ शहरी कार्यसूची**लाई अनुमोदन गर्दछ ।

६८औं पूर्ण सत्र

२३ डिसेम्बर २०१६

# नयाँ शहरी कार्यसूची

HABITAT III
QUITO 17-20 OCTOBER 2016

United Nations Conference on Housing and Sustainable Urban Development

United Nations

# बिषय सूची


नयां शहरी कार्यसूची..........1

सबैको लागि दिगो शहर तथा मानव बसोबास सम्बन्धि क्विटो घोषणा..........२

क्विटो नयां शहरी कार्यसूची कार्यान्वयन योजना..........९

अनुवादमा प्रयुक्त केही प्रचलनयोग्य शव्दावली..........३४

# नयाँ शहरी कार्यसूची

# सबैको लागि
# दिगो
# शहर र मानव बसोबास
# सम्बन्धि
# क्विटो घोषणापत्र

१. हामी, राष्ट्र तथा सरकार प्रमुखहरु, मन्त्रीहरु तथा उच्चस्तरीय प्रतिनिधिहरु २०१७ अक्टोबर १७ देखि २० सम्म क्विटोमा उपराष्ट्रिय तथा स्थानीय सरकार, सभासद, नागरिक समाज, आदिबासी तथा स्थानीय समुदाय, निजी क्षेत्र, व्यवसायी र पेशाकर्मी, वैज्ञानिक तथा प्राज्ञिक समुदाय एवं अन्य सान्दर्भिक सरोकारवालाहरु समेत एक **नयाँ शहरी कार्यसूची** अनुमोदन गर्ने उद्देश्य सहित भेला भएका थियौं ।

२. सन् २०५० सम्म बिश्वको शहरी जनसंख्या भण्डै दोब्बर हुने अनुमान गरिएको सन्दर्भमा एक्काइसौं शताव्दिमा शहरीकरण सर्बाधिक परिवर्तनशिल प्रवृत्ति बन्नेछ । यस क्रममा जनसंख्या, आर्थिक गतिविधि, सामाजिक, सांस्कृतिक अन्तर्क्रियाको साथै वातावरणीय र मानवीय असरहरु शहरमै केन्द्रित भएका छन्, जसले गर्दा अन्य विषयका अतिरिक्त शहरहरुमा आवास, पूर्वाधार, आधारभूत सेवा, खाद्य सुरक्षा, स्वास्थ्य, शिक्षा, मर्यादित रोजगार, सुरक्षा र प्राकृतिक स्रोतमा दिगोपनाको दृष्टिले ठूलो चुनौति रहेको छ ।

३. सन् १९७६ मा क्यानाडाको भ्यान्कूभर शहरमा र सन् १९९६ मा टर्कीको इस्तान्बुल शहरमा आयोजित संयुक्त राष्ट्र संघको आवास तथा दिगो शहरी बिकास सम्मेलनहरु पश्चात् र सन् २००० मा सहस्राव्दि बिकास लक्ष्य लागू भएदेखि अनौपचारिक बस्तीका बासिन्दा लगायत लाखौं शहरबासीहरुको जीवन स्तरमा सुधार आएको हामीले देखेका छौं । तथापि बिद्यमान गरिबीका विविध स्वरुप, बढ्दो असमानता तथा वातावरणीय ह्रास बिश्वप्यापी रुपमा दिगो बिकासको बाधक रहेको छ, जसमध्ये सामाजिक र आर्थिक असमावेशिता तथा स्थानिक पृथकीकरण अधिकांश शहर तथा बस्तीहरुमा देखिने कटु यथार्थ हो ।

४. यी तथा अन्य बिद्यमान एवं सम्भावित चुनौतीहरुलाई हामीले अझै पर्याप्त मात्रामा संबोधन गर्न सकेका छैनौ र दिगो तथा समावेशी आर्थिक उन्नति, सामाजिक र सांस्कृतिक बिकास, वातावरण संरक्षण तथा रुपान्तरित तथा दिगो बिकास हासिल गर्न एवं यसमा योगदान गर्ने सम्भावित इन्जिनको रुपमा शहरीकरणबाट उपलब्ध अवसरहरुबाट लाभान्वित हुनु आवश्यक छ ।

५. शहर र बस्तीहरुको योजना, प्रारुपण, बित्त, बिकास, शासन र व्यवस्थापन विधिलाई पुनर्सम्वोधन गर्दै सबै प्रकार र आयामका गरिबी र भोकलाई निवारण गर्न, असमानतालाई कम गर्न, टिकाऊ, समावेशी र दिगो आर्थिक बृद्धि हासिल गर्न, लैंगिक समानता र दिगो बिकासमा महिला तथा बालिकाहरुको महत्वपूर्ण योगदानलाई सशक्तीकरणद्वारा पूर्ण लाभ लिन, मानवीय स्वास्थ्य र समुन्नतिमा सुधार गर्न, पुनरुत्थानको विस्तार गर्न तथा वातावरण संरक्षण गर्न नयाँ शहरी कार्ययोजनाले सहयोग पुर्‍याउनेछ ।

६. सन् २०१५ का उल्लेख्य उपलब्धिहरु, खास गरी दिगो बिकास कार्यसूची २०३०[1] र त्यसमध्ये दिगो बिकास लक्ष्य, बिकासमा लगानी सम्बन्धी तेश्रो अन्तराष्ट्रिय सम्मेलनको अडिस अबाबा कार्यसूची[2] जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय सम्मेलनबाट पारित पेरिस सहमति[3] प्रकोप जोखिम न्यूनीकरणको लागि सेण्डाइ संरचना २०१५-२०३०[4] भूपरिवेष्ठित बिकासशील राष्ट्रहरुको लागि भियना दशाव्दि कार्य योजना २०१४-२०२४[5] SIDS क्रियाकलापको प्रवेगीकृत उपाययुक्त (SAMOA) मार्ग[6] तथा अल्प विकसित राष्ट्रहरुको लागि इस्तानबुल दशाव्दि कार्ययोजना २०११-२०२०[7] का उपलब्धिहरुप्रति हाम्रो ध्यान आकृष्ट भएको छ । त्यसैगरी वातावरण तथा बिकास सम्बन्धी रियो घोषणा[8] दिगो बिकास सम्बन्धी बिश्व शिखर सम्मेलन, सामाजिक बिकास सम्बन्धी बिश्व शिखर सम्मेलन, जनसंख्या तथा बिकास सम्बन्धी अन्तराष्ट्रिय सम्मेलनको कार्ययोजना[9] बेइजिंग कार्य मञ्च[10] दिगो बिकास सम्बन्धी संयुक्त राष्ट्र सम्मेलन र यी सम्मेलनहरुको अनुवर्ती गतिविधिबारे पनि हामी चासो राखेका छौं ।

[1] निर्णय 70/1.
[2] निर्णय 69/313, अनुसूची
[3] हेर्नुहोस् FCCC/CP/2015/10/Add.1, निर्णय 1/CP.21, अनुसूची।
[4] निर्णय 69/283, अनुसूची II.
[5] निर्णय 69/137, अनुसूची II.
[6] निर्णय 69/15, अनुसूची।
[7] अल्प विकसित मुलुकहरुरु सम्बन्धी चौथो संयुक्त राष्ट्र सम्मेलन प्रतिवेदन, इस्तानबुल, टर्की, ९–१३ मइ २०११ (A/CONF.219/7), परिच्छेद II.
[8] वातावरण र विकास सम्बन्धी संयुक्त राष्ट्र सम्मेलन प्रतिवेदन, रियो दे जेनेइरो, ३–१४ जून १९९२, खण्ड १, सम्मेलनबाट पारित निर्णय (संयुक्त राष्ट्र प्रकाशन, Sales No. E.93.I.8 तथा शुद्धिपत्र), निर्णय १, अनुसूची I.
[9] जनसंख्या र विकास सम्बन्धी संयुक्त राष्ट्र सम्मेलन प्रतिवेदन, काइरो, ५–१३ सेप्टेम्बर १९९४, खण्ड १, (संयुक्त राष्ट्र प्रकाशन, Sales No. E.95.XIII.18_, परिच्छेद १, निर्णय १, अनुसूची
[10] महिला सम्बन्धी चौथो विश्व सम्मेलन प्रतिवेदन, बेइजिंग, ४–१५ सेप्टेम्बर १९९५, (संयुक्त राष्ट्र प्रकाशन, Sales No. E.96.IV.13_, परिच्छेद १, निर्णय १, अनुसूची II.

७. यसबाट अन्तरसरकारी स्तरमा स्वीकार्य परिणाम देखाउन नसकेको तथ्यलाई मनन् गर्दै मे २०१६ मा इस्तानबुलमा आयोजित बिश्व मानवीयता शिखर सम्मेलनप्रति पनि हामीले चासो राखेका छौं ।

८. **नयाँ शहरी कार्यसूची**लाई परिभाषित गर्नमा राष्ट्रिय सरकारहरुको साथै उपराष्ट्रिय तथा स्थानीय सरकारहरुले गरेको योगदानको कदर गर्दै स्थानीय तथा क्षेत्रीय सरकारहरुको बिश्व सम्मेलनलाई पनि हामीले ध्यान दिएका छौं ।

९ बिश्वव्यापी, क्षेत्रीय, राष्ट्रिय, उपराष्ट्रिय तथा स्थानीय तहमा एकीकृत र समन्वयात्मक तवरले सबै सान्दर्भिक पात्रहरुको सहभागितामा दिगो बिकासलाई मूर्तता दिने महत्वपूर्ण कदमको रुपमा **नयाँ शहरी कार्यसूची**ले दिगो बिकास प्रति बिश्वव्यापी प्रतिवद्धताको पुनर्पुष्टि गर्दछ । **नयाँ शहरी कार्यसूची**को कार्यान्वियनबाट दिगो बिकासको २०३० कार्यसूचीको एकीकृत रुपमा कार्यान्वयन तथा स्थानीयकरण गर्न तथा शहर र बस्तीहरुलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने लक्ष्य ११ लगायत समग्र दिगो बिकासको उद्देश्य तथा लक्ष्य प्राप्तिमा योगदान पुग्नेछ ।

१०. संस्कृति र सांस्कृतिक विविधतालाई मानवजातिको समृद्धिको स्रोत मानेर शहर, बस्ती र नागरिकको दिगो बिकास, बिकासको पहलमा सक्रीय र मौलिक भूमिका निर्बाह गर्नको लागि तिनको सशक्तीकरणमा समेत **नयाँ शहरी कार्यसूची**ले महत्वपूर्ण योगदान दिनेछ । स्रोतको जिम्मेदारीपूर्ण उपभोग तथा जलवायु परिवर्तनको नकारात्मक प्रभावलाई संबोधन गर्नमा सहयोग पुग्ने नयाँ दिगो उपयोग र उत्पादनविधिको प्रोत्साहन तथा कार्यान्वयनमा संस्कृतिको पनि ख्याल राख्नु पर्ने मान्यता **नयाँ शहरी कार्यसूची**ले राखेको छ ।

## *हाम्रो साझा दृष्टिकोण*

११ हामी सबैको लागि शहरको साझा उद्देश्य कायम गर्न चाहन्छौ, जसमा शहर तथा मानव बस्तीहरुको समान प्रयोग तथा आकर्षण सहित समावेशितालाई प्रोत्साहन गर्न तथा वर्तमान र भावी पुस्ताका सबै बासिन्दाहरुलाई बिना भेदभाव न्यायपूर्ण, सुरक्षित, स्वस्थ्य, सुगमतायुक्त, किफायती, उत्थानशील र दिगो शहर तथा बस्तीहरु तयार गर्न एवं बसो बास गराउन सक्षम होस् र जसबाट सबैको समृद्धि र जीवनस्तर उकास्न सकियोस् । यस उद्देश्यलाई स्थापित गर्न केही राष्ट्रिय तथा स्थानीय सरकारहरुबाट आफ्नो बिधान, राजनैतिक प्रतिवद्धता र घोषणापत्रहरुमा शहरी अधिकार लाई समावेश गर्नको लागि गरिएका प्रयासहरुलाई पनि हामीले ध्यान दिएका छौं ।

१२. हामी त्यस्तो शहर र बस्ती चाहन्छौं जहाँ सबैजनाले संयुक्त राष्ट्र घोषणापत्रको उद्देश्य र सिद्धान्तद्वारा निर्देशित, तथा अन्तर्राष्ट्रिय कानूनको पूर्ण सम्मानसाथ आधारभूत स्वतन्त्रता लगायत समान अधिकार र अवसरको उपभोग गर्न पाउनेछन् । यस सन्दर्भमा **नयाँ शहरी कार्यसूची** मानव अधिकार सम्बन्धी बिश्वव्यापी घोषणा,[11] अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी सन्धीहरु, सहस्राब्दि घोषणा[12] तथा सन् २००५ को बिश्व शिखर[13] सम्मेलनमा आधारित रहेको छ । यसको जानकारी बिकासको अधिकार सम्बन्धी घोषणा[14] जस्ता अन्य दस्तावेजको माध्यमबाट दिइएको छ ।

१३. हामी यस्तो शहर र बस्तीको परिकल्पना गर्दछौं जहां :

(क) बिना भेदभाव, सर्बैव्यापी सुरक्षित र उपयुक्त खानेपानी र सरसफाई सेवा, साथसाथै खाद्य सुरक्षा र पोषण, स्वास्थ, शिक्षा, पूर्वाधार, गतिशिलता र यातायात, उर्जा, स्तरीय वायू र जिविकोपार्जन जस्ता सबै सार्वजनिक बस्तु तथा स्तरीय सेवालाई पर्याप्त जीवनस्तरको अधिकारको अंशको रुपमा अंगिकार गर्ने पर्याप्त आवास पूर्ण प्राप्तीको दृष्टिकोणबाट जमीनको सामाजिक र वातावरणीय उपयोग सहित उनीहरुको सामाजिक जिम्मेवारी पूरा गरिन्छ ।

(ख) सहभागितामूलक, नागरिक सहभागितालाई बढावा दिने, अपनत्व र स्वामित्वको भावनालाई सबै बासिन्दाहरु बीच घनिभूत पार्न मद्दत्त गर्ने यस्ता सुरक्षित, सहभागितामूलक, सुलभ, हरित र गुणस्तरीय सार्वजनिक स्थललाई प्रथमिकतामा राखिन्छ जहां शान्तीपूर्ण र बहूआयामिक समाजका लागि संवेदनशिल अवस्थाका व्यक्तिहरुको बिशेष आवश्यकतालाई ध्यानमा राख्दै सबै बासिन्दाहरुको आवश्यकता पूरा गर्दै परिवारमैत्री, सामाजिक र सबै पुस्ताहरु बीच अन्तरकृया सम्भव हुने, सांस्कृतिक अभिव्यक्ति तथा राजनीतिक सहभागिता, उचित, र सामाजिक समाञ्जस्यता र समावेशिता कायम गरिन्छ ।

[11] निर्णय 217 A (III).
[12] निर्णय 55/2.
[13] निर्णय 60/1
[14] निर्णय 41/128, अनुसूची।

(ग) सबै क्षेत्रमा र सबै तहको निर्णयहरुमा महिलाहरुको पूरा तथा प्रभावकारी सहभागिता र नेतृत्व सुनिश्चित गर्दै, शालीन (मर्यादित) काम र समान कामको लागि, वा समान मूल्यको कामको लागि समान ज्याला, र नीजि वा सार्वजनिक स्थलहरुमा महिला र केटीहरु माथि हुने सबै प्रकारका बिभेद, हिंसा र हेपाई बिरुद्ध लैंगिक समानता र सबै महिला तथा केटीहरुलाई सशक्तीकरण गरिन्छ

(घ) औपचारिक अर्थतन्त्रको दिगो रुपान्तरणलाई सहयोग पुर्‍याउन अनौपचारिक अर्थतन्त्रको योगदानलाई ध्यानमा राख्दै सहभागितामूलक र दिगो आर्थिक बृद्धी, शहरीकरणलाई संरचनात्मक रुपान्तरणको लागि उपयोग गर्दै, उच्च उत्पादनशिलता, मूल्य अभिबृद्धी हुने कार्यहरु र स्रोतको कुशल उपयोग, स्थानीय अर्थतन्त्रको सदुपयोग गर्दै बर्तमान र भविष्यका चुनौती तथा अवसरहरुलाई निरन्तरता कायम राखिनेछ ।

(ङ) आफ्नो प्रशासनिक परिधि भित्रका सबै क्षेत्र तथा तहहरुमा मूलधारको रुपमा र परिचालकको रुपमा सन्तुलित, दिगो, र एकीकृत शहरी र क्षेत्रगत बिकासका कार्यहरु पूरा गरिनेछ ।

(च) बिभिन्न उमेर समूह र लैंगिक-उत्तरदायी, दिगो, सुरक्षित र सबैको पहूंच हुनसक्ने सबैको लागि शहरी आवागमनको आवश्यकता पूरा हुने र यसले स्रोत-कुशल तरिकाबाट यात्रु र सामान ढुवानीमा मानिस, स्थान, सामान, सेवा र आर्थिक अवसरहरुमा सबैको पहूंच प्रभावकारीरुपमा जोड्दै आर्थिक अवसरहरु सृजना गर्दछ ।

(छ) प्रकोप जोखिम न्यूनिकरण र व्यबस्थापन, जोखिम घटाउने, उत्थानशिल, प्राकृतिक र मानव सिर्जित प्रकोपलाई प्रतिकार गर्दछ र जलवायू परिवर्तनका कारकहरुको निवारण र अनुकुलनलाई अंगिकार र कार्यान्वयन गर्दछ ।

(ज) पर्यावरण, पानी, प्राकृतिक वासस्थानहरु, र जैविक बिबिधताको संरक्षण, संबर्धन, पुनर्स्थापना र प्रबर्धन गर्दछ र दिगो उपभोग र उत्पादनका तरिकाहरुद्वारा बातावरणीय प्रभाव र परिवर्तनहरु न्यूनिकरण गर्दछ ।

## *हाम्रो सिद्धान्त र प्रतिवद्धता*

१४. हामी आफ्नो उद्देश्य प्राप्तीका लागि निम्न अन्तरसम्बन्धित सिद्धान्तहरुबाट निर्देशित **नयां शहरी कार्यसूची** लागु गर्न कृतसंकल्पित छौं:

(क) कोहि पछाडि नछुटोस् भन्ने उद्देश्यबाट अभिप्रेरित भई गरीबीका सबै रुप र आयामहरुलाई अन्त्य गर्दै अति बिपन्नताको उन्मुलन, समान अधिकार र अवसरहरुको स्थापना, सामाजिक आर्थिक र सांस्कृतिक बिबिधता र शहर भित्र उनीहरुलाई एकाकार गर्दै, जिउनयोग्य बातावरण, शिक्षा, खाद्य सुरक्षा र पोषण, स्वास्थ र जनकल्याणलाई बढाउंदै, एड्स, क्षयरोग र औलो जस्ता महामारीको अन्त्य, सुरक्षाको प्रबर्धन र समान पहूंच, र भौतिक र सामाजिक पूर्वाधार तथा आधारभूत सेवामा समान पहूंचको साथसाथै पर्याप्त र किफायती आवासका अवसरहरु प्रदान गरिनेछ,

(ख) प्रतिस्पर्धी र सृजनात्मकता सहितको सुनियोजित शहरीकरण, सबैको लागि पूर्ण, उत्पादक र मर्यादित रोजगारीद्वारा र मर्यादित कामको सृजना, आर्थिक र उत्पादक स्रोत र अवसरहरुको प्रवर्धन, शहरी संकुचन व्यवस्थापन द्वारा दिगो र समावेशी शहरी अर्थतन्त्र सुनिश्चित गरिनेछ,

(ग) शहरी बिकासमा स्वच्छ उर्जा, भूमी र स्रोतहरुको दिगो उपयोगबाट, पर्यावरण र जैविक विविधताको संरक्षण र प्रकृतिसंगको सामञ्जस्यतामा स्वस्थ जीवन शैलीबाट, दिगो उपयोग र उत्पादन पद्धत्तीबाट, शहरी उत्थानशील क्षमता बिकासबाट, प्रकोप जोखिम न्यूनिकरणबाट र जलबायू परिवर्तनका निर्मुलन र अनुकुलनबाट बातावरणीय दिगोपन सुनिश्चित गरिनेछ

१५. हामी नयां शहरी कार्यसूचीको लागि शहरी आयामिक परिवर्तनद्वारा यस्तो प्रतिबद्धता जाहेर गर्न चाहन्छौं जसले :

(क) सबैको दिगो बिकास र संबृद्धी प्राप्तीको लागि नभइनहुने दिगो शहर र क्षेत्रगत बिकासलाई पहिचान गर्दै हामी शहर र बस्तीहरुको योजना निर्माण, बित्त लगानी, बिकास, शासन पद्धत्ती र व्यवस्थापनलाई पुनर्सबोधन गर्दछौं ।



नाम्चे बजार, उच्च हिमाली क्षेत्रमा मानव बस्तीको नमुना © Shutterstock

(ख) दिगो शहरी बिकासको लागि समावेशी र प्रभावकारी शहरी नीतिहरु र कानुनहरुमा उपराष्ट्रिय (प्रादेशिक) र स्थानीय सरकारहरुको योगदाललाई समान महत्वकासाथ बुझ्दै र साथसाथै नागरिक समाज र अन्य सम्बन्धित सरोकारवालाहरुको योगदानलाई पारदर्शी र जवाफदेही तरिकाले आत्मासात गर्दै, उपयुक्तता अनुसार केन्द्रीय सरकारको नेतृत्वदायी भूमिकालाई मनन् गर्दछ ।

(ग) शहरी र क्षेत्रगत बिकासको लागि दिगो, जनमुखी, सबै उमेर र लैंगिक उत्तरदायी तथा एकीकृत तरिका अंगाल्दै सबै शासकीय तहहरुमा परिवर्तनका निम्न परिचालकहरुमा आधारित भएर नीति, रणनीति, क्षमता बिस्तार र कार्यक्रमको कार्यान्वयन गर्नेछ जसमा :

अ) दिगो र एकीकृत शहरी बिकास प्राप्तिको लागि उपयुक्त तहहरुको आवश्यक शहरी नीतिहरु निर्माण तथा कार्यान्वयन गरिनेछ जसमा स्थानीय-राष्ट्रिय र बहू-सरोकारवाला साझेदारी, र शहर र बस्तीहरुको एकीकृत प्रणालीहरुको निर्माण गरिनेछ र यसको लागि सबै तहका सरकारहरुका बीच सहयोगको वातावरण बनाइनेछ ।

आ) शहरी बिकास योजनाहरुमा प्राक्कलन (संभावना) र सामञ्जस्यता गरी सामाजिक समावेशिता, टिकाउ, दिगो आर्थिक बृद्धी र वातावरण संरक्षण प्रभावकारी बनाउन उपयुक्त नियन्त्रण र सन्तुलन, र बलियो संगठन र संयन्त्र सहितको शहरी शासनलाई मजबुत बनाइनेछ जहां शहरी सरोकारवालाहरुलाई सबल बनाउने र सहभागी गराइनेछ ।

इ) दीर्घकालीन र एकीकृत शहरी र क्षेत्रगत योजना र डिजाइनहरुलाई स्थानीय सन्दर्भमा माप, स्वरुप र शहरीकरणको सकारात्मक परिणामहरु प्रदान गर्न उपयक्ततम बनाइनेछ ।

ई) प्रभावकारी, नविनतम, र दिगो बित्तीय खाका र साधनहरुलाई सक्षम पार्दै नगर बित्त र स्थानीय बित्तीय प्रणालीलाई मजबुत पार्न सहयोग गर्दै यस्ता प्रणालीहरु बनाउन, टिकाउ बनाउन, र यसका महत्व र मूल्यलाई आदानप्रदान गरी सहभागितामूलक ढंगले दिगो शहरी बिकास गर्न सहयोग गर्दछ ।

## *कर्मका लागि आह्वान*

१६. सबै प्रकारका शहर, नगर र गाउँको विशेष परिस्थितिहरु पृथक हुने भए पनि हामी सुनिश्चित गर्दछौं कि **नयाँ शहरी कार्यसूची**को कार्यक्षेत्र बिश्वव्यापी, सहभागितामूलक र जनमुखी तथा पृथ्विको रक्षा गर्ने हुनुको साथै बिश्वव्यापी रुपमा, क्षेत्रीय, राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय तहमा दीर्घकालीन सोचयुक्त, प्राथमिकता निर्धारण गरिएको कार्ययोजनाहरु हुनेछन् र यसलाई सम्बन्धित सरकार तथा अन्य सम्बन्धित सरोकारवालाहरुले हरेक मुलुकमा आफ्नो आवश्यकता अनुकूल लागू गर्न सक्ने किसिमको हुनेछ भन्नेमा हामी बिश्वस्त छौं ।

१७. बिभिन्न राष्ट्रिय बस्तुस्थिती, क्षमता र बिकासको स्तर तथा देशको कानुन र प्रचलनको साथै नीति र प्राथमिकताहरुलाई मनन् गर्दै हामी हाम्रो आफ्नै मुलुकमा र क्षेत्रीय तथा बिश्वव्यापी तहमा **नयाँ शहरी कार्यसूची** कार्यान्वयन गर्न क्रियाशील रहनेछौं ॥

१८. सिद्धान्त ७ मा उल्लेख भएको साझा तर पृथक जिम्मेदारी लगायत अन्य वातावरण र बिकास सम्बन्धी **रियो घोषणापत्र**का सबै सिद्धान्तहरुको हामी पुनर्पुष्टि गर्दछौं ।

१९ हामी सुनिश्चित गर्दछौं कि नयां शहरी कार्यसूची कार्यान्वयनको क्रममा सबै त्यस्ता मुलकहरु, खासगरी अफ्रिकी लगायत बिकासशील मुलुकहरु, अल्प बिकसित मुलुकहरु, भूपरिवेष्ठित बिकासशील मुलुकहरु तथा साना बिकासशील टापू राज्यहरु र खास चुनौती रहेका मध्यम आय मुलुकहरुले सामना गरिरहेको शहरी बिकास सम्बन्धी मौलिक र भावी चुनौतीलाई खास ध्यान दिनु पर्ने मान्यता राख्दछौं । द्वन्दग्रस्त मुलुक, बिदेशी कब्जामा परेका मुलुक र क्षेत्र, द्वन्दमुक्त मुलुक तथा प्राकृतिक र मानव सिर्जित प्रकोपग्रस्त मुलुकहरुमा पनि विशेष ध्यान दिनु आवश्यक छ ।

२०. महिला र बालिका, बालक र युवा, अपांगता भएका व्यक्ति, एच.आइ.भी एड्स्ग्रस्त व्यक्ति, आदिबासी, स्थानीय समुदाय, अव्यवस्थित र अनौपचारिक बस्तीका बासिन्दा, घरबारबिहीन व्यक्ति, कामदार, साना किसान र माझीहरु, शरणार्थी, पुनरागमनकारी, आन्तरिक बिस्थापित र सबै किसमिका आप्रबासीहरुले सामना गर्ने विभिन्न प्रकारको भेदभावलाई संबोधन गर्न विशेष सतर्क हुनुपर्ने आवश्यकतालाई हामी स्वीकार गर्दछौं ।

२१. राष्ट्रिय नीति र बिधान अनुरुप **नयाँ शहरी कार्यसूची** प्रभावकारी रुपमा कार्यान्वयन गर्न र हाम्रो साझा उद्देश्य सार्थक बनाउन साझेदारीलाई सशक्त, सुदृढ र स्थापित गर्न, समन्वय विस्तार र सहकार्य गर्न सबै राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय सरकारको साथै सबै सम्बन्धित सरोकारवालाहरुलाई हामी आह्वान गर्दछौं ।

२२. दिगो शहरी बिकासको प्रवर्द्धन र कार्यान्वयनको लागि निरन्तर शहरीकरणलाई बिश्वको दिगो बिकासको संवाहकको रुपमा शहर र बस्तीको महत्वपूर्ण भूमिकाबाट लाभान्वित हुने ऐतिहासिक अवसरको रुपमा प्रयोग गर्नको लागि हामी **नयाँ शहरी कार्यसूची**लाई साझा उद्देश्य र राजनैतिक प्रतिवद्धताको रुपमा ग्रहण गर्दछौं ।

# क्विटो
# नयां
# शहरी कार्यसूची
# कार्यान्वयन
# योजना

२३. दिगो शहरी बिकासको लागि राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय सरकार तथा सबै सान्दर्भिक सरोकारवालाहरुलाई सक्षम बनाउने महत्वपूर्ण साधनको रुपमा **नयाँ शहरी कार्यसूची** कार्यान्वियन गर्न हामी कृतसंकल्पित छौं ।

## *दिगो शहरी विकासको लागि रुपान्तरणकारी प्रतिबद्धता*

२४. २४. दिगो बिकासका एकीकृत र अविभाज्य सामाजिक, आर्थिक र वातावरणीय आयामहरुमा आधारित उदाहरणीय शहरी परिवर्तनको माध्यमबाट दिगो शहरी बिकासको सम्भावनाहरुको पूर्ण लाभ लिन हामी निम्न रुपान्तरणकारी प्रतिबद्धता व्यक्त गर्दछौं :

*सामाजिक समावेशिता र गरिबी निवारणको लागि दिगो शहरी बिकास*

२५. दिगो बिकासको लागि अति बिपन्नता लगायत सबै स्वरुप र आयामको गरिबी निवारण सबभन्दा ठूलो बिश्वव्यापी चुनौती र अनिवार्य शर्त हो भन्ने हामीले बुझेका छौं । त्यसैगरी बढ्दो अव्यवस्थित र अनौपचारिक बस्ती लगायत बढ्दो असमानता र गरिबीका बिबिध आयामहरुले बिकसित र बिकासशील दुबै किसिमका मुलुकहरुमा दुष्प्रभाव पार्नुका साथै स्थानिक संघसंस्थाहरु, शहरी स्थानको सुगमता र प्रारुपण (डिजाइन)का साथै पूर्वाधार र आधारभूत सेवासंगै बिकास नीतिले सामाजिक सहिष्णुता, समानता र समावेशितालाई बढावा दिन सक्दछ भन्ने तथ्यलाई पनि हामी स्वीकार गर्दछौं ।

२६. हामी जनमुखी, पृथ्विको रक्षा गर्ने खालको तथा सबै लैंगिक र उमेर समुह उत्तरदायी तथा सबै मानव अधिकार र आधारभूत स्वतन्त्रता सुनिश्चित गर्ने, सहज सहजीवनलाई सघाउने, सबै प्रकारको भेदभाव र हिंसालाई अन्त्य गर्ने तथा पूर्ण र सार्थक सहभागितालाई सघाउँदै सबै व्यक्ति र समुदायलाई सशक्त बनाउने शहरी र ग्रामीण बिकासप्रति प्रतिबद्ध छौं । त्यसैगरी हाम्रा शहर र बस्तीहरुको मानवीयकरणको महत्वपूर्ण तत्वको रुपमा हामी संस्कृतिको प्रवर्द्धन तथा विविधता र समानताको सम्मान गर्न पनि प्रतिबद्ध छौं ।

२७. हामी कोहि पछाडि नछुटोस् भन्ने हाम्रो प्रतिज्ञाको पुनर्पुष्टि गर्नुका साथै पूर्ण मानवीय सम्भावनाको उपयोगको लागि औपचारिक वा अनौपचारिक जुनसुकै बस्तीका बासिन्दाहरुलाई सम्मानपूर्ण र मर्यादित तथा प्रतिफलपूर्ण जीवन यापन गर्न सक्षम तुल्याउन शहरीकरणले प्रदान गर्न सक्ने साझा अवसर र लाभको समान बितरण गर्न पनि प्रतिबद्ध छौं ।

२८. हामी शरणार्थीहरु, आन्तरिक बिस्थापित व्यक्ति र जुनसुकै स्तरको आप्रबासीको मानव अधिकारको पूर्ण सम्मान सुनिश्चित गर्न तथा तिनलाई स्विकार्ने शहरहरुलाई राष्ट्रिय परिस्थितिका साथै नगर र शहरमा ठूलो संख्यामा हुने आप्रवासनका कारण विभिन्न चुनौति हुने भए पनि यसले शहरी जीवनमा सामाजिक, आर्थिक र सांस्कृतिक योगदान पनि गर्न सक्दछ भन्ने तथ्यलाई मनन् गर्दै अन्तर्राष्ट्रिय सहयोगद्वारा समर्थन गर्न हामी प्रतिबद्ध छौं । त्यसैगरी योजनाबद्ध र सुव्यवस्थित आप्रवासन नीति अनुरुप बिश्वव्यापी, राष्ट्रिय, उपराष्ट्रिय तथा स्थानीय तहमा सुरक्षित, विधिसम्मत र नियमित आप्रवासन सुनिश्चित हुने गरी अन्तर्राष्ट्रिय आप्रवासन तथा बिकास बीच सहकार्यमा बृद्धी गर्न तथा शहरमा आप्रबासीहरुको सकारात्मक योगदानलाई र सुदृढ शहरी-ग्रामीण सम्बन्धलाई सक्षम बनाउने प्रणाली स्थापना गर्न स्थानीय सरकारहरुलाई सहयोग गर्न पनि हामी प्रतिबद्ध छौं ।

२९ प्रकोपको सर्बाधिक जोखिममा परेका र बारम्बार र लामो अवधिसम्म मानवीय संकटमा परेका समुदायहरुमा लगानी सहित सबैको लागि सामाजिक र आधारभूत सेवा पुर्‍याउनको लागि राष्ट्रिय, उपराष्ट्रिय तथा स्थानीय सरकारको उपयुक्तता अनुसारको समन्वयकारी भूमिकालाई तथा तिनको अन्य सार्वजनिक निकाय र गैरसरकारी संस्थाहरुसंगको सहकार्यलाई सुदृढ गर्न हामी प्रतिबद्ध छौं । शहरी संरचनाका संकटासन्न व्यक्तिहरुको लागि मर्यादित र उत्पादक रोजगारको लागि पर्याप्त सेवा, स्थान र अवसर बिस्तार गर्न तथा स्थानीय समुदाय र स्थानीय सरकारसंग सहकार्य गरी पीडित व्यक्ति र स्विकार्ने समुदायसम्म बिकासमा प्रतिगमनलाई निषेध गर्नको लागि सहयोग सुनिश्चित हुने गरी स्थानीय, टिकाऊ र मर्यादित समाधानको खोजी गर्न पनि हामी प्रतिबद्ध छौं ।

३०. सशस्त्र द्वन्द्वको समयमा उत्थानशील शहरी सेवालाई सरकार तथा नागरिक समाजहरुले अझ बढी सहयोग गर्नुपर्ने आवश्यकतालाई हामी मनन् गर्दछौं । त्यसैगरी अन्तराष्ट्रिय मानवीय कानूनको पूर्ण सम्मानप्रति प्रतिबद्ध र हनुपर्ने आवश्यकतालाई पनि हामी स्वीकार गर्दछौं ।

३१. हामी प्रतिबद्धता जाहेर गर्दछौं कि राष्ट्रिय कानुन र मानक बमोजिम पर्याप्त जीवनस्तरको अधिकारको अंशको रुपमा रहेको सबैको लागि पर्याप्त आवास अधिकारको क्रमिक कार्यान्वयनलाई समर्थन गर्ने राष्ट्रिय, उपराष्ट्रिय तथा स्थानीय आवास नीतिलाई प्रबर्द्धन गर्दछौं जसले सबै किसिमको बिभेद र हिंसा बिरुद्ध र जबरजस्ती उठिबासलाई निषेध गर्दछ र घरबारबिहीन, जोखिमपूर्ण स्थितिमा रहेका, न्यून आयवर्ग, अपांगता भएका व्यक्ति समेतको आवश्यकतालाई संबोधन गर्दै सम्बन्धित समुदाय र सरोकारवालाहरुलाई बस्तीको सामाजिक उत्पादन समेतका यो जना निर्माण र कार्यान्वयनमा सहभागिता र संलग्नता गराई सबल बनाउंदै लग्ने नीति अवलम्बन गरिनेछ ।

३२. हामी प्रतिबद्धता जाहेर गर्दछौं कि हामी एकीकृत, लैंगिक र उमेर समुह उत्तरदायी आवास नीति तथा पद्धतीहरुलाई वढावा दिन्छौं जसमा सबै क्षेत्रगत र मुख्यतः रोजगारी, शिक्षा, स्वास्थ्य सेवा, र सामाजिक समाबेशिता जस्ता सम्वन्धित क्षेत्रहरु पर्दछन् । साथै यस कार्यमा सबै तहका सरकारका त्यस्ता नीतिहरु जसले आवासको आवश्यकता समेटेको हुन्छ र यस्तो आवास जुन पर्याप्त, धान्न सकिने, आफ्नो पहूंच भित्रको, स्रोत कुशल, सुरक्षित, उत्थानशिल, सुसंयोजित र सही अवस्थितिको आवास सम्बन्धी प्रावधान सहितका र शहरको नजिक र शहरसंगको स्थान बिशेषको सम्बन्धको महत्वलाई सम्बोधन गर्दछ त्यस्ता नीतिहरुलाई प्रबर्धन गर्दछौं ।

३३. सीमान्तकृत समुदाय, घरबारबिहीन व्यक्ति र जोखिमपूर्ण स्थितिमा रहेका व्यक्तिहरुको सामाजिक आर्थिक र सांस्कृतिक एकीकरण हुने र पृथकीकरण रोक्ने गरी सुरक्षित, किफायती र समाजका विभिन्न आयवर्गको लागि पहुंचपुग्ने आवासका पर्याप्त र विविध विकल्पको आपूर्तिलाई प्रोत्साहन गर्न हामी प्रतिबद्ध छौं । हामी यो पनि प्रतिबद्धता जाहेर गर्दछौं कि घरबारबिहीनहरुको जीवनको अवस्थामा सुधार गर्नको लागि समाजमा उनीहरुको पूर्ण सहभागितालाई सहज बनाउन, घरबारबिहीनतालाई निर्मूल गर्न तथा यसको अपराधीकरण बिरुद्ध लड्न र निर्मूल गर्नका लागि हामीले सकारात्मक उपायहरु अपनाउने छौं ।

३४. किफायती र सुविधायुक्त जग्गा, आवास, आधुनिक र नवीकरणीय उर्जा, सुरक्षित खानेपानी र सरसफाइ, सुरक्षित, पौष्टिक र पर्याप्त खाना, फोहोर बिसर्जन, दिगो आवागमन, स्वास्थ्य र परिवार नियोजन सेवा, शिक्षा, संस्कृति र सूचना तथा सञ्चार प्रविधि जस्ता दिगो आधारभूत भौतिक र सामाजिक पूर्वाधारमा सबैका लागि बिना भेदभाव समतामूलक र किफायती सुगमता बृद्धि गर्न हामी प्रतिबद्ध छौं । त्यसैगरी हामी यी सेवासुविधाहरु उपयुक्तता अनुसार महिला, बालबालिका, तथा युवा, वृद्ध तथा अपांगता भएका व्यक्तिहरु, आप्रबासी, आदिबासी तथा स्थानीय समुदाय र अन्य जोखिममा रहेका व्यक्तिहरुप्रति लक्षित बनाउन पनि प्रतिवद्ध रहने छौं । यस सन्दर्भमा हामी कानूनी, संस्थागत, सामाजिक आर्थिक तथा भौतिक व्यवधानहरु हटाउन प्रोत्साहन गर्दछौं ।

३५. हामी प्रतिवद्धता जाहेर गर्न चाहन्छौं कि उपराष्ट्रिय तथा स्थानीय सरकार सहित उपयुक्त सरकारको तहमा सबैको भूस्वामित्वको अधिकारलाई सुनिश्चित गर्दै, भूमीमा भएका बहूआयामिक स्वामित्वका प्रकारहरुलाई मनन् गर्दै र बृहत्तर भूमी तथा सम्पत्तीको अधिकारको त्रमिकताको सन्दर्भमा प्रयोजन सुहाउंदो (फिट फर परपज) र लैंगिक तथा उमेर समुह उत्तरदायी र अझ बिशेषतः महिला सशक्तिकरणको साधनको रुपमा महिलाको स्वामित्व र प्रभावकारी भूमी प्रशासन प्रणाली बनाउन बढावा दिइनेछ ।

३६. भौतिक वातावरण, खासगरी सार्वजनिक स्थल, सार्वजनिक यातायात, आवास, शिक्षा, स्वास्थ्य सुविधा, सार्वजनिक सूचना तथा सञ्चार (सूचना तथा सञ्चार प्रविधि र प्रणाली सहित) र शहर र गाउँ दुबैमा खुल्ला वा सार्वजनिक रुपमा प्रदान गरिने अन्य सेवा तथा सुविधामा अरु सरह समान रुपमा अपांगता भएका व्यक्तिहरुलाई पनि शहर तथा बस्तीहरुमा सेवासुविधामा सुगमता प्रदान गर्ने उपयुक्त उपायहरुको प्रवर्द्धनप्रति हामी प्रतिबद्ध छौं ।

३७. हामी त्यस्ता सार्वजनिक स्थलहरु सुनिश्चित गर्न चाहन्छौं जहां सामाजिक अन्तर्क्रिया र समावेशिता, मानव स्वास्थ्य, जनकल्याण, र आर्थिक विनिमय सम्भव होस् । यस्ता कार्यको लागि डिजाइन गरिएका र व्यवस्थापन गरिएका यी सार्वजनिक स्थलहरुले बिबिधतायुक्त जनसमुदाय बीच सांस्कृतिक अभिव्यक्तिका अवसरहरु र फरक फरक समुदाय तथा संस्कृती बीच सम्बाद, मानवीय बिकास र शान्तीपूर्ण, समावेशी र सहभागितामूलक समाज स्थापनाको लागि थप सामुहित जीवनयापन, सुसम्पर्क र सामाजिक समावेशितालाई बढावा दिनेछ ।

३८. हामी शहर र बस्तीहरुमा एकीकृत शहरी र क्षेत्रगत नीति र राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय स्तरमा पर्याप्त लगानी गरी सांस्कृतिक पूर्वाधार र सम्पदा स्थल, संग्रहालय, आदिबासी संस्कृति र भाषा तथा परम्परागत ज्ञान र कलाले शहरी क्षेत्रको पुनर्स्थापना र पुनरुद्धार गर्न तथा सामाजिक सहभागिता र नागरिक अभ्यासले खेल्ने भूमिकालाई उजागर गरी उपयुक्तता अनुसार प्राकृतिक, मूर्त र अमूर्त सांस्कृतिक सम्पदाबाट दिगो लाभ लिन प्रतिबद्ध छौं ।

३९ शहर र बस्तीहरुमा महिला र बालबालिका, युवा तथा जोखिमपूर्ण अवस्थाका व्यक्ति बढी प्रभावित हुने गरेको तथ्यलाई गर्दै सबैले हिंसा र धम्कीबाट भयरहित भएर बाँच्न, काम गर्न र शहरी जीवनमा सहभागी हुनको लागि सुरक्षित, स्वस्थ्य, समावेशी र सुनिश्चित वातावरणलाई प्रवर्द्धन गर्न हामी प्रतिबद्ध छौं । हामी महिला र बालिकाप्रति लक्षित बाल, अल्पायु र बलजफ्ती बिबाह र महिला यौनांग छेदन लगायतको हानिकारक प्रचलन निर्मूल गर्न पनि क्रियाशील रहने छौं ।

४०. शहर तथा बस्तीहरुमा सामाजिक संयोजन, अन्तर्सस्कृती संबाद र सन्मान, सहिष्णुता, पारस्परिक आदर, लैंगिक समानता, नवीनता, उद्यमशीलता, समावेशिता, पहिचान र सुरक्षा तथा सबैको स्वाभिमान, तथा जीवनशैली र सजीव शहरी अर्थव्यवस्था भएको विविधतायुक्त शहरलाई अंगिकार गर्न हामी प्रतिबद्ध छौं । त्यसैगरी हाम्रा स्थानीय निकायहरुबाट बढ्दो विविधतायुक्त र बहुसांस्कृतिक समाजहरुमा बहुलता र शान्तिपूर्ण सहअस्तित्वलाई प्रवर्द्धन गर्नको लागि आवश्यक कदम चाल्नको लागि पनि हामी आफ्नो प्रतिबद्धता व्यक्त गर्दछौं ।

४१. हामी शहर तथा बस्तीमा समावेशी मञ्चको विस्तार गर्न राष्ट्रिय नीति अनुरुप निर्णय, योजना, अनुगमन प्रक्रियामा नागरिक संलग्नता लगायत सहप्रावधान तथा सहउत्पादन सहित सबैको सार्थक सहभागितालाई अनुमति दिने संस्थागत, राजनैतिक, कानूनी तथा आर्थिक संयन्त्रलाई प्रोत्साहन गर्न प्रतिबद्ध छौं ।

४२. पुरुष तथा महिला, बालबालिका तथा युवा, बृद्ध र अपांगता भएका व्यक्ति, आदिबासी तथा स्थानीय समुदाय, शरणार्थी, आन्तरिक रुपमा बिस्थापित तथा वर्ण, धर्म, जात र सामाजिक आर्थिक स्तरको विभेद बिना जुनसुकै स्तरको आप्रबासी लगायत समाजको सबै तप्काबाट हुनसक्ने योगदानलाई ध्यानमा राखी उमेर र लैंगिक तरिका सहित संबादको अवसर प्रदान गरेर सबै सान्दर्भिक सरोकारवालाहरुबीच सहमति कायम गर्न उपराष्ट्रिय र स्थानीय सरकारको महत्वपूर्ण भूमिकालाई हामी समर्थन गर्दछौं ।

*दिगो तथा समावेशी शहरी सम्पन्नता र सबैका लागि अवसर*

४३. पूर्ण र उत्पादनशील रोजगारी तथा सबैका लागि मर्यादित कामसहितको टिकाउ, समावेशी र दिगो आर्थिक बिकास नै दिगो शहरी र क्षेत्रगत बिकासको प्रमुख तत्व हो भन्ने तथा शहर र बस्तीहरु सबैलाई स्वस्थ्य, उत्पादनशील, समुन्नत र भरिपूर्ण जीवन यापनको लागि समान अवसर पाइने स्थान हुनुपर्दछ भन्ने हामी मान्यता राख्दछौं ।

४४. हामी आत्मसात गर्दछौं कि शहरी अर्थतन्त्रमा उर्जा कुशल, नविकरणीय उर्जा, उत्थानशिलता, उत्पादकत्व, वातावरणीय संरक्षण र दिगो बृद्धीको बढोत्तरीबाट शहरी अर्थतन्त्रको आकार र संचयको फाइदा लिनको लागि शहरी स्वरुप, पूर्वाधार र भवन डिजाइन जस्ता मूल्य र स्रोत कुशलता ज्यादै महत्वपूर्ण परिचालकहरु हुन् ।

४५. हामी कटिबद्धता व्यक्त गर्दछौं कि हामी आन्तरिक सम्भावनाहरु, प्रतिस्पर्धात्मक फाइदा, सांस्कृतिक सम्पदा र स्थानीय स्रोतहरुलाई जीवन्त, दिगो र समबेशी शहरी अर्थातन्त्र निर्माणमा खर्चिनुको साथसाथै स्रोत कुशल र उत्थानशिल पूर्वाधार, दिगो र समावेशी औद्योगिक बिकास र दिगो उपभोग तथा उत्पादन ढांचा र व्यवसाय र नविनता साथसाथै जीवनयापनको लागि उपयुक्त बातावरण तथा सबलिकरणलाई बढावा दिनेछौं ।

४६. आर्थिक बिकासमा आवासले पूंजी निर्माण, आय, रोजगार  सिर्जना र बचत सृजना गर्न मद्दत गर्नुको साथै राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय सबै तहमा दिगो तथा समावेशी आर्थिक रुपान्तरणमा बृद्धि गर्दछ भन्ने मान्यता सहित अन्य आर्थिक क्षेत्रगत उत्पादनशीलतालाई पनि प्रेरित गर्ने सामाजिक आवास उत्पादन लगायत किफायती र दिगो आवास तथा आवास बित्त व्यवस्थाको भूमिकालाई प्रवर्द्धन गर्न हामी प्रतिबद्ध छौं ।

४७. स्थानीय आर्थिक बिकासमा सहयोग पुर्‍याउन, सबै सरकारका तहहरुमा, सेवाका क्षेत्रहरुमा र सम्बन्धित सरोकार वालाहरुलाई बढावा दिन एकिकृत, सहकार्य, समन्वय र सम्बदलाई बृद्धी गर्न र राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय संस्थाहरुलाई सुदृढ गर्नको लागि उपयुक्त कदम चाल्न हामी प्रतिबद्ध छौं ।

४८. शहरी आर्थिक बिकासका अवसर तथा बिद्यमान र भावी चुनौतिहरुको पहिचान र सम्बोधन गर्नको लागि स्थानीय सरकार, निजी क्षेत्र र नागरिक समाज, महिला, युवाका प्रतिनिधिमूलक संस्था लगायत अपांगता भएका व्यक्ति, आदिबासी, व्यवसायी, शिक्षण संस्था, श्रमिक संघ, कर्मचारी संघ, आप्रबासी संघ तथा सांस्कृतिक संघ लगायत सबै सम्बद्ध सरोकारवालाहरुको प्रभावकारी सहभागितालाई हामी प्रोत्साहन गर्दछौं ।

४९ हामी शहरी र ग्रामीण कार्यक्षेत्रलाई राष्ट्रिय, उपराष्ट्रिय र स्थानिक प्रणाली तथा शहर र बस्तीको प्रणालीसंग एकीकरण गर्ने किसिमको क्षेत्रीय प्रणालीलाई समर्थन गर्न प्रतिबद्ध छौं, जसले दिगो व्यवस्थापन र प्राकृतिक स्रोत तथा भूमिको उपयोगलाई सम्वर्द्धन गर्दै शहर र गाउँको आपूर्ति र मागलाई जोड्ने बिश्वसनीय आपूर्ति र मूल्य श्रृखलालाई सुनिश्चित गर्नेछ र शहर र ग्रामीण क्षेत्रका माग र बितरणलाई समतामूलक ढंगले बिस्तार गर्दै क्षेत्रीय बिकासलाई सहयोग गर्दछ र शहरी-ग्रामीण क्रमिकता र सामाजिक, आर्थिक र क्षेत्रगत खाडललाई पूर्ति गर्नेछ ।

५०. दिगो यातायात र आवागमन प्रविधि र संचार संजाल र पूर्वाधारहरुलाई सबल बनाउंदै शहर-गाउं बीचको अन्तरक्रिया र सम्पर्कलाई प्रोत्साहित गर्न एकीकृत शहरी र क्षेत्रगत पद्धतीमा आधारित योजनाहरुद्वारा उत्पादकत्व बृद्धी, सामाजिक आर्थिक र क्षेत्रगत संसय साथसाथै सुरक्षा र वातावरणीय दिगोपनका सम्भावनाहरुलाई अधिकतम उपयोग गर्न हामी कटिबद्ध छौं ।

५१. छोडिएका क्षेत्रहरुलाई भर्दै वा योजनाबद्ध शहरी बिस्तारको रणनीतिद्वारा अर्थतन्त्रको आकार बिस्तार र खंदिलो बनाउन, योजनाबद्ध खाद्य प्रणालीलाई सबल बनाउंदै र स्रोत कुशलता, शहरी उत्थानशिलता र वातावरणीय दिगोपनलाई प्रस्फुटन गर्न दिगो व्यवस्थापन र प्राकृतिक स्रोत तथा भूमिको परिचालन, उपयुक्त सघनता र जनघनत्व, बहुकेन्द्र र मिश्रित प्रयोग जस्ता क्षेत्रगत ढांचा, शहरी योजना र प्रारुपणका उपायको प्रयोगद्वारा शहरी स्थानिक प्रणालीको बिकासलाई हामी प्रोत्साहन गर्न प्रतिवद्ध छौं ।

५२. हामी शहरको अव्यवस्थित बिस्तार र क्षयीकरण (सिमान्तीकरण) रोक्दै सुगमतायुक्त र राम्रो सम्पर्क भएका पूर्वाधार र सेवाहरु, दिगो जनघनत्व र खंदिलो प्रारुपण (डिजाइन) र नयां थपिएका टोलहरुको बृहत्तर शहरी बनोटमा एकीकरण गर्ने खालका योजना निर्माणद्वारा उपयुक्त, शहरी बिस्तारलाई निर्देश गर्नसक्ने, र शहरी नविकरणलाई प्राथमिकताका साथ अघि बढाउने स्थानिक बिकास रणनीतिलाई प्रोत्साहित गर्दछौं ।

५३. हामी सामाजिक र आर्थिक बिकासको संवाहकको रुपमा सुरक्षित, समावेशी, सुगमतायोग्य, हरित र स्तरीय सार्वजनिक स्थलको प्रवर्धनप्रति प्रतिवद्ध छौं जसबाट दिगो रुपमा तिनका सम्भावनाहरुको उपभोग गरी सम्पत्तिको मूल्य सहित सामाजिक र आर्थिक मूल्य (महत्व)मा बृद्धी गर्नुका साथै सबैलाई व्यवसाय, सार्वजनिक र निजी लगानी तथा रोजगारीको अवसर प्रदान गर्न सहयोग हुनेछ ।

५४. हामी सम्भव भएसम्म नवीकरणीय र किफायती उर्जाको उत्पादन र प्रयोग तथा दिगो र प्रभावकारी यातायात पूर्वाधार र सेवाप्रति प्रतिवद्ध छौं, जसले संयोजनको लाभ दिंदै आर्थिक, वातावरणीय र सार्वजनिक स्वास्थ्यको लागतमा अकुशल आवागमन, भीडभाड, वायु प्रदूषण, शहरी ताप टापु र कोलाहलको प्रभाव कम गर्नेछ । हामी उर्जा र खासगरी गरीब र अनौपचारिक बस्तीका बासिन्दाहरुको साथै सबैका लागि यातायातको आवश्यकताको बिषयमा पनि बिशेष प्रतिवद्धता व्यक्त गर्दछौं । नवीकरणीय उर्जा लागत घटाउन सक्नु शहर र बस्तीहरुमा उर्जा वितरण लागत कम गर्ने प्रभावकारी उपायको रुपमा पनि हामीले लिएका छौं ।

५५ हामी बाल र मातृ मृत्युदर कम गर्न पर्याप्त, समावेशी तथा स्तरीय सार्वजनिक सेवा, सफा वातावरण, बिश्व स्वास्थ्य संगठनले बिस्तार गरेको वायु गुणस्तरको निर्देशिका अनुरुपका सामाजिक संरचना तथा स्वास्थ सेवा, यौन तथा प्रजनन स्वास्थ्य सेवा जस्ता सुविधाहरुको सर्बैव्यापी उपलव्धताको प्रसार गरी स्वस्थ समाज निर्माणलाई प्रोत्साहन गर्न प्रतिबद्ध छौँ ।

५६. हामी, नवीन तथा प्रतिस्पर्धात्मक शहरी अर्थतन्त्रलाई योगदान दिन श्रम शक्तिलाई आयआर्जनको अवसरहरु, ज्ञान, सीप तथा शिक्षाको सुविधा प्रदान गरेर उपयुक्त भएसम्म आर्थिक उत्पादनशीलता बढाउन प्रतिवद्ध छौं । हामी, शहर तथा बस्तीमा पूर्ण तथा उत्पादक रोजगारी, मर्यादित काम र जीविकोपार्जनका अवसरहरुको प्रसार गरेर आर्थिक उत्पादनशीलता बढाउन पनि प्रतिबद्ध छौँ ।

५७. हामी, आवश्यकता अनुसार, बिशेषतः महिला, युवा, अशक्त, आदिबासी तथा स्थानीय समुदाय, शरणार्थी तथा आन्तरिकरुपमा बिस्थापित र प्रबासीहरु, र त्यसमा पनि मूलतः अति गरीब तथा जोखिमपूर्ण अवस्थामा भएकाहरुलाई पूर्ण तथा उत्पादक रोजगारी, शहर तथा बस्तीमा सबैको लागि मर्यादित रोजगारी, आय आर्जनको अवसर र भेदभावरहित भएर कानुनसम्मत आय आर्जनको अवसरमा पहूंचका लागि प्रतिबद्ध छौँ ।

५८. हामी, वातावरणीय दिगोपन र समावेशी समृद्धिको सिद्धान्तमा आधारित भएर लगानी, नविन आविष्कार र उद्यमशिलतालाई प्रवर्धन गर्दै प्रोत्साहनकारी, उचित, र उत्तरदायी व्यवसायिक बातावरण निर्माणलाई बढावा दिने कार्य प्रति प्रतिबद्ध छौं । हामी समग्र मूल्य श्रृंखलाका लघु, साना तथा मझौला उद्योग तथा सहकारी र बिशेषतः औपचारिक र अनौपचारिक अर्थतन्त्रमा कार्यरत सामाजिक र एकजुट अर्थतन्त्रका व्यापार तथा उद्योगहरुले सामना गर्नुपरेको चुनौतीलाई सम्बोधन गर्न प्रतिबद्ध छौँ ।

५९ हामी राष्ट्रिय परिस्थितिलाई ध्यानमा राखेर श्रमजीवी गरीबहरुको अनौपचारिक अर्थतन्त्रमा योगदान, खासगरी महिला, र त्यसमा पनि अवैतनिक, घरेलु स्वदेशी, तथा प्रबासी मजदुरहरुको शहरी अर्थतन्त्रमा रहेको योगदानलाई पहिचान गर्न प्रतिबद्ध छौँ । तिनीहरुको जीविका, कामगर्ने अवस्था तथा आय सुरक्षा, कानुनी तथा सामाजिक सुरक्षा, सीप, सम्पत्ति तथा अन्य सहयोगी सेवाहरुमा पहूंच, तथा उनीहरुको आवाज र प्रतिनिधित्वलाई सुधार गर्नु आवश्यक छ । हालको जिविकोपार्जनको अवस्थालाई प्रवर्धन गर्दै सन्तुलित पद्धति स्थापना गरेर, प्रोत्साहन र नीति नियम लागू गर्दै वर्तमान जीविकाको संरक्षण र सुधारबाट कामदार र आर्थिक एकाइहरुको औपचारिक अर्थतन्त्रमा प्रगतिशिल रुपान्तरण गर्नेछौं । यस सन्दर्भमा हामी राष्ट्र बिशेषको परिस्थिति, कानुन, नीति, अभ्यास तथा प्राथमिकतालाई ध्यानमा राख्नेछौं ।

६०. हामी दिगो पर्यटन, प्रदर्शन कला, र सम्पदा संरक्षण जस्ता अन्य गतिविधिहरु सहितका सांस्कृतिक र रचनात्मक उद्योगहरु मार्फत गुणस्तरीय, मर्यादित र उत्पादक रोजगारी सृजना गरेर र बिबिधिकरण, प्राविधिक सुधार, अनुसन्धान र नविन अविस्कारलाई बढावा दिंदै उच्च मूल्य अभिबृद्धीको क्षेत्र मार्फत प्रगतिशिलरुपमा उच्च उत्पादकत्व भएको अर्थतन्त्रमा रुपान्तरण गर्न शहरी अर्थतन्त्रलाई निरन्तरता दिन प्रतिबद्धता व्यक्त गर्दछौं ।

६१. हामी शहर र बस्तीहरुको उत्पादकत्व अभिबृद्धी र साझा संबृद्धी ल्याउन सम्भव ठाउंहरुमा शहरी जनसांख्यिक लाभांशको उपयोग गर्दै शिक्षा, सीप बिकास र रोजगारीमा युवाहरुको पहूंच बिस्तार गरिने प्रतिबद्धता जनाउंदछौं । बालबालिका र युवायुवती असल भविष्य निर्माणको परिवर्तनका प्रमुख संवाहक हुन् र सशक्तीकरण गर्दा उनीहरुमा आफ्नो र समाजको पक्षमा वकालत गर्ने ठूलो सम्भावना रहन्छ । **नयाँ शहरी कार्यसूची**को कार्यान्वयनका लागि उनीहरुको सार्थक सहभागिताको लागि पर्याप्त र परिष्कृत अवसरहरु सुनिश्चित गर्नु आवश्यक छ ।

६२. हामी, शहरी जनसंख्याको जीवनस्तरलाई सुधार गर्दै सम्भव ठाउंहरुमा, बृद्धतालाई अवसरको रुपमा लिंदै नयां मर्यादित रोजगारी र त्यसको निरन्तरता, समावेशी र दिगो आर्थिक बृद्धी गर्न बढ्दो उमेरको जनसंख्याको सामाजिक, आर्थिक र स्थानिक परिणामहरुलाई सम्बोधन गर्दछौं ।

## *दिगो वातावरणीय तथा उत्थानशील शहरी बिकास*

६३. हामी गरिबी र यसका सबै प्रकार र आयामलाई अन्त्य गर्न चालिएका कदमहरुलाई निस्तेज पार्दै दिगो नहुने खालका उपभोग र उत्पादन स्वरुप, जैविक बिबिधताको ह्रास, पर्यावरणमा परिरहेको दवाब, प्रदुषण, प्राकृतिक र मानव सिर्जित प्रकोप तथा जलवायु परिवर्तन र तत्सम्बन्धी जोखिमहरुले शहर र बस्तीहरुलाई अभूतपूर्व खतरामा पारिरहेकोछ र यो दिगो बिकास उपलब्ध गर्नमा बाधक बनेको तथ्यलाई स्वीकार गर्छौं । शहरहरुको जनसांख्यिक प्रवृत्ति तथा त्यसको बिश्व अर्थतन्त्रमा, जलवायु परिवर्तनको न्यूनीकरण र अनुकूलनका प्रयासहरुमा, एवं स्रोत तथा पर्यावरणको प्रयोगमा केन्द्रीय भूमिकालाई स्वीकार्दै तिनीहरुको योजना, बित्तव्यवस्था, बिकास, निर्माण, शासन र व्यवस्थापन बिधिको प्रत्यक्ष प्रभाव दिगोपना तथा उत्थानशीलतामा शहरी सीमा भन्दा परसम्म पर्दछ ।

६४. हामी बिश्वभरिका शहरी केन्द्रहरु, बिशेषतः बिकासोन्मुख राष्ट्रहरुमा र तिनका बासिन्दाहरु खास गरी सामुद्र तटीय क्षेत्र, नदी डेल्टा क्षेत्र तथा बिकासोन्मुख साना टापु राज्यहरुमा जलवायु परिवर्तन तथा अन्य भूकम्प, बिषम मौसम, बाढी, जमीन भास, आँधी, धूलो तथा बालुबासीहतको हुरी, उष्ण लहर, जल अभाव, अनावृष्टि, जल तथा वायु प्रदूषण, सरुवा रोगहरु र समुद्री सतहमा बृद्धि जस्ता प्राकृतिक र मानव सिर्जित बिपदहरुले संकटासन्न बनाउने गरेको पाउंछौं ।

६५. हामी जोखिमको स्तर मापन सहितको बिपद जोखिम न्यूनीकरण रणनीतिको बिकास तथा प्राकृतिक र मानव सिर्जित प्रकोपहरुको क्रमिक मूल्याकंनलाई सहयोग गरेर, दिगो आर्थिक बिकासलाई प्रोत्साहन दिएर तथा कुशल वातावरणीय शहरी तथा क्षेत्रगत योजना, संरचना तथा आधारभूत सेवाहरुद्वारा सबैको सम्पन्नता र जीवनस्तरको सुरक्षा गरेर शहरी पर्यावरणीय तथा वातावरणीय सेवाहरुको सुरक्षा र सुधार हुने, हरितगृह ग्याँसहरुको उत्सर्जन तथा वायु प्रदुषण न्यूनीकरण हुने तथा बिपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा बृद्धि हुने गरी शहर तथा बस्तीमा प्राकृतिक स्रोतहरुको दिगो व्यवस्थापनलाई सहजीकरण गर्न प्रतिबद्ध छौँ ।

६६. हामी, वातावरण मैत्री विकल्पहरुको छनोट गर्न, दिगो आर्थिक बृद्धि र शहरहरुलाई सेवा प्रवाहमा सुधार गर्न सक्षम बनाउने डिजिटलाइजेसन अवसरहरुको प्रयोग, स्वच्छ उर्जा तथा प्रविधिका साथसाथै नवीन यातायात प्रविधिहरुको प्रयोग हुने स्मार्ट सिटीको उपाय अपनाउन प्रतिबद्ध छौँ ।

६७. हामी खुला, बहुउद्देशीय, सुरक्षित, समावेशी, सुलभ, हरित तथा गुणास्तरीय सार्वजनिक स्थलहरुको बिकास तथा सुधार गर्न, बाढी, अनावृष्टिको जोखिम तथा उष्ण लहर लगायतको बिपद् तथा जलवायु परिवर्तनमा शहरहरुको उत्थानशीलतालाई सुधार गर्न, खाद्य सुरक्षा र पोषण, शारीरिक र मानसिक स्वास्थ, तथा घर र वरिपरिको वायुको स्तर सुधार गर्न, ध्वनी कम गर्न र मनमोहक र बस्न लायक शहरहरु, मानव बस्ती तथा शहरी स्वरुपको विस्तार गर्न तथा रैथाने प्रजातिहरुको संरक्षणलाई प्राथमिकता दिन प्रतिबद्ध छौँ ।

६८. हामी शहरी डेल्टा, तटीय क्षेत्र तथा अन्य वातावरणीय संवेदनशील क्षेत्रहरुलाई यातायात, खाद्य सुरक्षा, आर्थिक सम्बृद्धी, पर्यावरणीय सेवा तथा उत्थानशीलताको लागि महत्वपूर्ण पर्यावरणीय स्रोत र आपूर्तिकर्ताको रुपमा आवश्यकताको पहिचान गर्न विशेष ध्यान दिन प्रतिबद्ध छौँ । हामी दिगो शहरी तथा क्षेत्रगत योजना तथा बिकासमा उपयुक्त साधनहरु एकीकृत गर्न प्रतिबद्ध छौँ ।

६९ हामी शहर तथा मानव बस्तीलाई सहारा दिने तटीय क्षेत्र सहित जमीनको पर्यावरणीय र सामाजिक क्रियालाई संरक्षण तथा विस्तार गर्न, पर्यावरणको पुनरुत्पादन क्षमता स्थीर राख्न दिगो उपभोग तथा उत्पादन स्वरुपलाई सुनिश्चित गर्न पर्यावरणमा आधारित समाधानहरुलाई प्रोत्साहन गर्न प्रतिबद्ध छौँ । हामी अव्यवस्थित शहरी विस्तार रोक्न र सीमित गर्न तथा आवश्यक भूउपयोग परिवर्तनलाई निषेध गर्न तथा उर्वर भूमी, नाजुक र महत्वपूर्ण पर्यावरणीय विनाशलाई रोक्नका लागि शहर विस्तारमा पर्याप्त घनत्व र सघनताको संयोजन गरी दिगो भूउपयो गलाई प्रबर्द्धन गर्न प्रतिबद्ध छौँ

७०. हामी बस्तु तथा आधारभूत सेवाहरुको स्थानीय स्तरमा नै व्यवस्था गर्न, स्रोतको निकटताबाट लाभ लिन, उर्जा, जल, खाद्य तथा पदार्थहरुको बिकट स्रोतमा अधिक भर पर्दा आइपर्ने दिगापनको चुनौतीहरु, सेवा आपूर्तिमा अवरोधबाट आउने संकट तथा स्थानीय व्यवस्थापनले बासिन्दाहरुको स्रोतसम्म पहूंचमा सहजीकरण हुने अवस्थाको पहिचान गर्न प्रतिबद्ध छौँ ।

७१. हामी, वातावरणीय कुशल व्यवस्थापन तथा जोखिमपूर्ण रसायन, हावा र अल्पजीवी जलवायु प्रदूषक लगायत सबै फोहर, हरितगृह ग्यास र ध्वनिको न्यूनीकरणमा विशेष ध्यान दिएर तथा शहरी ग्रामीण सम्बन्ध, मौजुदा आपूर्ति व्यवस्था र मूल्य श्रृंखलाको साथसाथै चक्रीय अर्थतन्त्रको रुपान्तरणमा नयाँ र आसन्न चुनौतीको सामना गरेर पर्यावरण संरक्षण, पुनरुत्पादन, पुनरुद्धार तथा उत्थानशीलताको सहजीकरण सहित वातावरणीय प्रभाव र दिगोपनामा ध्यान दिएर भूमि, जल (महासागर, समुद्र र ताजा जलाशय), उर्जा, सामान, वन तथा खाना लगायतका स्रोतहरुको दिगो व्यवस्थापनलाई सुदृढ गर्न प्रतिबद्ध छौ ।



परम्परागत शहर पैदलीकरणको नमुना हुनसक्दछ: पाटन दरबार स्क्वायर © Shutterstock

७२. हामी, स्थानीय र क्षेत्रगत माग र सम्बन्धित सरोकारवाला तथा समुदायको सहभागिता सहितको शहर-गाउं क्रमिकता समावेश गरी एकीकृत जलस्रोत व्यवस्थापन गर्ने दीर्घकालीन शहरी र क्षेत्रगत योजना तथा पद्धत्ती र स्थानिक बिकास अभ्यासहरु प्रति प्रतिबद्ध छौं ।

७३. हामी, जलचक्रलाई ध्यानमा राखी शहरी, बाह्य तथा ग्रामीण क्षेत्रमा जलस्रोतको पुनर्स्थापना, फोहोर पानीलाई न्यूनिकरण तथा प्रशोधन गरेर, पानीको चुहावटलाई न्यून गरेर, पानीको पुनर्प्रयोग गरेर तथा पानीको सञ्चय, धारण र पुनर्भरणमा बृद्धि गरी जलस्रोतको संरक्षण तथा दिगो प्रयोगलाई प्रवर्द्धन गर्न प्रतिबद्ध छौँ ।

७४. हामी वातावरणमैत्री फोहोरमैला व्यवस्थापनलाई प्रवर्द्धन तथा फोहोरलाई न्यूनीकरण, पुनर्प्रयोग र पुनरावृत्ति एवं ल्याण्डफिल क्षेत्रको न्यूनीकरण गर्दै एवं पुनर्प्रयोग नहुने फोहोरको हकमा यस विकल्पले सबैभन्दा राम्रो बिकल्पको रुपमा वातावरणमैत्री परिणाम दिने अवस्थामा फोहोरमैलालाई उर्जामा बदल्दै फोहोरको उत्पत्तिलाई ठोस रुपमा न्यूनीकरण गर्न प्रतिबद्ध छौँ । हामी तटीय क्षेत्रमा परिष्कृत फोहोर तथा फोहोर पानी व्यवस्थापनबाट सामुद्रिक प्रदूषणलाई न्यूनीकरण गर्न पनि प्रतिबद्ध छौँ ।

७५. हामी, हरितगृह ग्याँसहरु तथा कालो कार्बन उत्सर्जन न्यूनीकरण गर्न, दिगो उपभोग तथा उत्पादन विधि सुनिश्चित गर्न, नयाँ मर्यादित रोजगारी सिर्जना गर्न, सार्वजनिक स्वास्थ्यमा सुधार ल्याउन तथा उर्जा आपूर्तिको लागत न्यून गर्नको लागि उपयुक्तता अनुसार राष्ट्रिय, उपराष्ट्रिय तथा स्थानीय सरकारहरुलाई प्रोत्साहन गर्न, दिगो, नवीकरणीय र किफायती उर्जा तथा उर्जामैत्री भवन तथा निर्माण विधिहरुको बिकास गर्न, उर्जा संरक्षण र उर्जा प्रभावकारितालाई प्रवर्द्धन गर्न प्रतिबद्ध छौँ ।

७६ हामी कंक्रिट, धातु, काठ, खनिज पदार्थ तथा भूमी जस्ता कच्चा र निर्माण सामग्रीहरुको स्रोत कुशलतामा ध्यान दिंदै र प्राकृतिक स्रोतको दिगो प्रयोग प्रति प्रतिबद्ध छौँ । हामी सामग्रीको सुरक्षित पुनर्लाभ तथा पुनर्प्रयोग सुविधाको स्थापना गर्न, दिगो र उत्थानशील भवनहरुको बिकासलाई प्रवर्द्धन गर्न तथा स्थानीय, बिषरहित तथा पुनर्चक्रित सामग्री तथा शिशारहित रगंरोगनको प्रयोगलाई प्राथमिकता दिन प्रतिबद्ध छौँ ।

७७. हामी स्तरीय पूर्वाधार तथा स्थानिक योजनाको बिकास, बिपद जोखिम न्यूनीकरण सम्बन्धी सेन्डाइ संरचना (२०१५-२०३०)ले अनुमोदन गरेको पर्यावरणमा आधारित पद्धति अनुकूल एकीकृत, उमेर तथा लैंगिकमैत्री नीति तथा योजनाहरुको पालना र कार्यान्वयन, बिशेषत: अव्यवस्थित बस्तीहरु समेत औपचारिक तथा अनौपचारिक बस्तीका उच्च जोखिम स्थल समेत सबै तहमा र घरपरिवार, समुदाय, संस्था तथा सेवाहरुलाई बिपदको प्रभाव, आघात र अव्यक्त तनावप्रति पूर्वतयारी, प्रतिकार्य, अनुकूलन तथा द्रुत पुनर्लाभ गर्न सक्षम बनाउन समग्रमा र तथ्य र सूचनामा आधारित बिपद संकटासन्नता र जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई मूलधारमा ल्याएर शहर र बस्तीको उत्थानशीलतालाई सुदृढ गर्न प्रतिबद्ध छौँ । हामी बिपदको जोखिम र प्रभाव कम गर्ने तथा अव्यवस्थित तथा अनौपचारिक बस्तीहरुको पुनरुद्धार तथा स्तरोन्नति गर्ने किसिमको उत्थानशील र स्रोत प्रभावकारी पूर्वाधारको बिकासलाई प्रश्रय दिनेछौं । हामी स्थानीय अधिकारी तथा सरोकारवालाहरुसँग समन्वय गरेर बिपद उत्थानशील अव्यवस्थित तथा अनौपचारिक बस्तीहरु समेतको सबै जोखिमपूर्ण आबासीय संचितीलाई सुदृढ तथा प्रवलीकरण गर्ने उपायहरुको प्रवर्धन गर्नेछौं ।

७८. हामी जोखिममा आधारित, सबै प्रकारको प्रकोप तथा जोखिमबारे सामाजिक चेतना जगाउने तथा प्राकृतिक र मानव सिर्जित बिपद तथा द्वन्दले प्रभावित व्यक्तिहरुको तत्कालीक आवश्यकताहरुलाई समयानुकुल तथा प्रभावकारी स्थानीय प्रतिकार्य सुनिश्चित गर्नुका साथै जोखिम रोकथाम र उत्थानशील बनाउन घटना पश्चात लगानीको प्रवर्द्धन गर्ने जस्ता समग्र सामाजिक पद्धतिहरुमा प्रतिक्रियात्मक भन्दा रोकथाममूलक अग्रसरतालाई सहयोग गर्न प्रतिबद्ध छौँ । यस क्रममा बिपदपश्चात् पुनर्लाभ प्रक्रियामा उत्थानशीलता निर्माण, बातावरणीय तथा स्थानिक उपायहरु तथा बिगतका बिपदहरुको पाठ सँगसँगै नयाँ जोखिमहरुप्रति सचेतनालाई भविष्यको योजनामा अनुकलन गर्न **परिष्कृत पुनर्निमाण**को सिद्धान्तलाई एकीकृत गरिएको हुनुपर्नेछ ।

७९ हामी जलवायु परिवर्तनको अनुकुलन तथा अल्पीकरण सहित अन्तराष्ट्रिय, राष्ट्रिय, उपराष्ट्रिय तथा स्थानीय जलवायु कार्यको प्रबर्द्धन गर्न तथा शहर र बस्ती, त्यहाँको बासिन्दाहरु तथा महत्वपूर्ण कार्यान्वयनकर्ताको रुपमा सम्पूर्ण स्थानीय सरोकारवालाहरुको प्रयत्नलाई साथ दिन प्रतिबद्ध छौं । हामी उत्थानशीलता निर्माणमा सहयोग गर्न तथा सबै उपयुक्त क्षेत्रहरुबाट हरितगृह ग्याँसहरुको उत्सर्जनलाई न्यूनीकरण गर्न प्रतिबद्ध छौं । यस्ता उपायहरु संयुक्त राष्ट्र संघको जलवायु परिवर्तन सम्बन्धी सम्मेलनबाट स्वीकृत पेरिस सम्झौताको लक्ष्यहरु अनुकूल हुनुपर्दछ, जस अनुसार बिश्वव्यापी औसत तापक्रमको बृद्धीलाई पूर्व औद्योगिक स्तरको तुलनामा २ डिग्री सेल्सियस भन्दा बढी नहुने गरी नियन्त्रण गर्ने र तापक्रम बृद्धीलाई पूर्व औद्योगिक स्तरभन्दा १.५ डिग्री सेल्सियसभित्र सीमित गर्ने प्रयास गरिनेछ।

८०. हामी मध्यमदेखि दीर्घकालीन अनुकुलन योजना प्रक्रिया तथा पर्यावरणमा आधारित अनुकुलन समेतको आधारमा शहरी बासिन्दाहरुको उत्थानशीलता निर्माण गर्ने योजना, नीति, कार्यक्रम तथा कार्यहरुबारे जानकारी दिनको लागि जलवायु संकटासन्नता तथा प्रभावको शहरी स्तरको मूल्यांकनमा सहयोग गर्न प्रतिबद्ध छौं ।

## *प्रभावकारी कार्यान्वयन*

८१. हामी सबै स्तरका सरकारहरुको उत्तम अभ्यासहरु, नीतिहरु र कार्यक्रमहरुको अनुभव उपयोग गर्दै **नयाँ शहरी कार्यसूची**मा वर्णित परिवर्तनकारी प्रतिबद्धता पूरा गर्न राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय तहमा सो अनुरुपका नीति, प्रारुप, शहरी स्थानिक बिकासका योजना तथा व्यवस्थापन र कार्यन्वयनको प्रभाकारि साधनहरु आवश्यक हुने हामीले बुझेका छौं ।

८२. हामी दिगो शहरीकरणका लागि एकीकृत पद्धति लागू गर्न र **नयाँ शहरी कार्यसूची**को कार्यान्वयनलाई मूलधारमा ल्याउन तथा शहरी र ग्रामीण बिकास रणनीतिहरु तथा कार्यक्रमहरुबीच समन्वय र सुधार गर्न संयुक्त राष्ट्र संघीय प्रणालीमा तथा बहुपक्षीय वातावरणीय सम्झौतासंग आबद्ध बिकासका साझेदार अन्तरराष्ट्रिय तथा बहुपक्षीय बित्तीय संस्थाहरु, क्षेत्रीय बिकास बैंकहरु, नीजि क्षेत्र तथा अन्य अन्य सरोकारवालालाई आह्वान गर्दछौं ।

८३. यसै सिलसिलामा, हामी, दिगो बिकास कार्यसूची २०३० मा जोड दिइएको अनुच्छेद ८८ बमोजिम प्रणालीगत रणनीतिक योजना, कार्यान्वयन तथा प्रतिवेदनको संरचना अनुकूल दिगो शहरी बिकासको क्षेत्रमा संयुक्त राष्ट्र संघीय प्रणालीगत समन्वय तथा सम्बद्धतालाई सुधार्नु पर्ने आवश्यकतालाई जोड दिन्छौं ।

८४. हामी राज्यहरुलाई अन्तरराष्ट्रिय कानून तथा संयुक्त राष्ट्र संघको घोषणापत्र बिपरीत बिशेषतः बिकासोन्मुख राष्ट्रहरुमा आर्थिक तथा सामाजिक बिकासको पूर्ण उपलब्धिलाई अवरुद्ध गर्ने कुनै पनि एकपक्षीय आर्थिक, बित्तीय वा व्यावसायिक गतिविधिको तर्जुमा तथा लागू गर्नबाट मुक्त रहन दृढतापूर्वक आह्वान गर्दछौं ।

## *शहरी शासकीय संरचनाको निर्माणः सहयोगी प्रारुपको स्थापना*

८५. हामी संयुक्त राष्ट्र संघ मानव बसोबास कार्यक्रम (युएन-ह्याबिट्याट) को शासकीय परिषदले २० अप्रिल २०१७[15]मा निर्णय २१।३ तथा ३ अप्रिल २००९[16]मा कार्यसूची २२।८ द्वारा पारित निर्णय अनुरुप विकेन्द्रीकरण तथा स्थानीय अधिकारीहरुको सबलीकरण सम्बन्धी अन्तराष्ट्रिय निर्देशिका तथा सबैका लागि आधारभूत सेवामा सुगमता सम्बन्धी अन्तराष्ट्रिय निर्देशिकामा निहित सिद्धान्त तथा रणनीतिहरुलाई स्वीकार गर्दछौं ।

८६. हामी पारदर्शी र जिम्मेदार बित्त संयन्त्रसँग पर्याप्त आबद्धता सुनिश्चित गरिएको राष्ट्रिय, उपराष्ट्रिय तथा स्थानीय संस्थागत तथा नियामक संरचनाद्वारा यथोचित रुपमा समर्थित एकीकृत बिकास रणनीति तथा योजनाको खण्डको रुपमा दिगो शहरी तथा क्षेत्रीय बिकासलाई मूलधारमा ल्याउनको लागि उपयुक्तता अनुसार समावेशी, कार्यान्वयनयोग्य तथा सहभागितापूर्ण शहरी नीतिहरु मार्फत् **नयाँ शहरी कार्यसूची**को प्रभावकारी कार्यान्वयनमा सहयोग गर्नेछौं ।

[15] हेर्नुहोस् महासभाको बैसाठीऔं सत्रको आधिकारिक विवरण, परिशिष्ट ८ (A/62/8), अनुसूची I.
[16] Ibid, चौसाठीऔं सत्र, परिशिष्ट ८ (A/64/8), अनुसूची I.

८७. हामी बहुस्तरीय परामर्श संयन्त्रको प्रयोगबाट तथा सरकारको हरेक तहमा योग्यता, साधन र स्रोतको स्पष्ट व्याख्या गरेर राष्ट्रिय, उपराष्ट्रिय तथा स्थानीय सरकारहरु बीच सशक्त समन्वय तथा सहकार्यलाई प्रोत्साहन गर्नेछौं ।

८८. हामी शहरीकरणको एकीकृत पद्धतिको सबलीकरण गर्न तथा यसको प्रतिनिधित्व गर्ने एकीकृत शहरी र क्षेत्रगत योजना रणनीतिलाई कार्यान्वयन गर्न उपयुक्त कार्यक्षेत्रलाई ध्यानमा राखी राजनीतिक प्रशासनका विभिन्न तह र श्रेणी, प्रशासनिक सीमानामा अन्य विषयको साथै ग्रामीण बिकास, भूउपयोग, खाद्य सुरक्षा तथा पोषण, प्राकृतिक स्रोतको व्यवस्थापन, सार्वजनिक सेवाको प्रावधान, पानी तथा सरसफाइ, स्वास्थ, वातावरण, उर्जा, आवास तथा आवागमन नीति तथा क्षेत्रगत नीतिका उद्देश्य र उपाय बीच संयोजनलाई सुनिश्चित गर्नेछौं ।

८९ हामी, समानता र बिनाभेदभावमा आधारित कानूनी तथा नीतिगत संरचनाको स्थापना, उपयुक्तता अनुसार सरकारहरुको राष्ट्रिय शहरी नीतिलाई प्रभावकारी कार्यान्वयन गराउने क्षमताको बिकास, समानता र भेदभाव रहित सिद्धान्तमा आधारित उपयुक्त बित्तीय, राजनीतिक तथा प्रशासनिक बिकेन्द्रीकरणलाई सुनिश्चित गर्दै नीति निर्माण तथा निर्णय क्षमता अभिबृद्धी गर्न उपयुक्त कदम चाल्नेछौं ।

९०. सम्बन्धित देशको राष्ट्रिय कानुनसंगत रहेर प्रभावकारी स्थानीय र महानगरीय बहूतहको शासनको लागि, उसका प्रशासनिक कार्यक्षेत्रको सीमा भित्रका महत्वपूर्ण शहरी, महानगरीय र क्षेत्रगत मामलाहरुको आवश्यक अख्तियारी र स्रोतहरु सहित निर्णयकार्यहरुमा संलग्न हुने कार्यको प्रत्याभूत हुनेगरी कार्य गर्नको लागि उनीहरुको क्षमता अभिबृद्धी गर्न सहयोग गर्ने प्रतिबद्धता जनाउंदछौं । हामी समावेशी तथा स्थानीय कानूनी संरचना तथा भरपर्दो बित्तीय संयन्त्र र उपयुक्तता अनुसार दिगो कर्जा व्यवस्थापनमा महानगरीय शासनको प्रबर्द्धन गर्नेछौं । हामी महिलाको पूर्ण तथा प्रभावकारी सहभागिता एवं स्थानीय सरकार लगायत सबै क्षेत्रमा समान अधिकार तथा सबै तहको निर्णय प्रक्रियामा नेतृत्व प्रबर्द्धन गर्ने उपायहरु अपनाउने छौं ।

९१. हामी, राष्ट्रिय कानून तथा नीतिहरु अनुरुप स्थानीय आवश्यकता अनुकुल स्थानीय सरकारलाई आफ्नो प्रशासनिक तथा व्यवस्थापकीय संरचना निर्धारण गर्न यथोचित सहयोग गर्नेछौं । हामी उपयुक्त नियामक संरचनालाई तथा आधारभूत सेवा तथा संरचनाहरुको बिकास र व्यवस्थापन गर्न, सार्वजनिक हितलाई सुनिश्चित गर्न र स्पष्ट लक्ष्य, जिम्मेवारी र जवाफदेहिताको संयन्त्रलाई स्पष्ट रुपमा परिभाषित गर्नका लागि समुदाय, नागरिक समाज तथा निजी क्षेत्रसँग सहकार्य गर्न स्थानीय सरकारलाई सहयोग गर्नेछौं ।

९२. हामी सहभागितामूलक र सबैको लागि खुल्ला सरकारका सबै तह तथा नागरिक समाज अटाउने स्थायी प्रकृतिको संयन्त्र र मञ्चको प्रवर्धन गर्न चाहन्छौं । यस नयां ढांचाको मञ्चमा सबै शहरी र क्षेत्रगत नीति र योजना प्रकृयामा उमेर र लैंगिक उत्तरदायी पद्धती भएको र जहां योजनाको सोच देखि प्रारुपण, बजेट विनियोजन, कार्यान्वयन, मूल्यांकन तथा समीक्षा जस्ता कार्य गरिन्छ र यसको लागि आवश्यक व्यापक र स्रोत सम्पन्न स्थायी संयन्त्र र मञ्च हुनेछ र यहां सुचना तथा संचारका प्रविधिहरु उपयोग गरिनेछन् र उपलव्ध तथ्यांकहरु सबैको पहूंचमा हुनेछ ।

## *शहरी स्थानिक बिकासको योजना तथा व्यवस्थापन*

९३. हामी, संयुक्त राष्ट्र संघीय मानव बसोबास कार्यक्रम (युएन-ह्याबिट्याट) को शासकीय परिषदले २३ अप्रिल २०१५ मा निर्णय २५।६बाट अनुमोदित शहरी तथा क्षेत्रीय योजना सम्बन्धी अन्तराष्ट्रिय निर्देशिकामा रहेको शहरी तथा क्षेत्रीय योजना सम्बन्धी सिद्धान्त तथा रणनीतिहरुलाई स्वीकार गर्दछौं[18] ।

[17] Ibid., सत्तरीऔं सत्र, परिशिष्ट ८ (A/70/8), अनुसूची



Tel Aviv, Israel

९४. हामी अल्पकालीन आवश्यकता र प्रतिस्पर्धात्मक अर्थतन्त्रको दीर्घकालीन अपेक्षित परिणाम बीचको सन्तुलन, उच्च जीवनस्तर तथा दिगो वातावरणको उद्देश्ययुक्त एकीकृत योजनाको कार्यान्वयन गर्नेछौँ । हामी हाम्रो योजनाहरुमा समय अनुसार परिवर्तनशील समाज तथा आर्थिक अवस्थासँग समायोजन गर्न सक्ने लचकता पनि कायम राख्न प्रयत्नशील रहनेछौं । हामी प्रविधिमा नवीन आविष्कारको फाइदा उठाउने तथा उन्नत जीवनयोग्य वातावरण निर्माण गर्ने प्रयास गर्दै यी योजनाहरुको कार्यान्वयन तथा नियमित मूल्यांकन गर्नेछौँ ।

९५. हामी एकीकृत, बहूकेन्द्रित, र सन्तुलित क्षेत्रगत बिकासका नीति तथा योजनाहरुको कार्यान्वयनमा सहयोग गर्नेछौं जहां बिभिन्न स्तरका शहर र बस्तीहरु बीच आपसी सहयोगहरुलाई प्रोत्साहित गर्दै, खाद्य सुरक्षा र पौष्टीकता प्रणालीलाई बलियो बनाउनमा, दिगो, धान्नसकिने, पर्याप्त, उत्थानशील र सुरक्षित आवास, पूर्वाधार र सेवामा पहूंच पुर्‍याउन, शहर-गाउंको क्रमिकतामा प्रभावकारी व्यापारिक सम्पर्क बिस्तार गर्न सहज गर्न र साना किसान र माझीहरुहरुलाई स्थानीय, उपराष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय र बिश्वव्यापी मूल्य श्रृंखला र बजारसंग जोड्न सहयोग पुर्‍याउन हामी साना र मझ्यौला शहर र नगरहरुको भूमिकालाई सबल बनाउन मद्दत गर्नेछौं । हामी शहरी कृषि तथा खेतीको सँगसँगै जिम्मेवार, स्थानीय तथा दिगो उपभोग तथा उत्पादन, एवं स्थानीय बजार र व्यापारको सुलभ सञ्जाललाई दिगो तथा खाद्य सुरक्षामा योगदान गर्ने विकल्पको रुपमा सामाजिक अन्तरक्रियालाई पनि समर्थन गर्नेछौं ।

९६. हामी शहरी क्षेत्र र महानगरीय योजनाहरु समेतको दिगो शहरी र क्षेत्रगत योजना कार्यान्वयनलाई प्रोत्साहित गर्नेछौं जहां सबै स्तरका शहरी क्षेत्र र तिनीहरुका अर्ध-शहरी र ग्रामीण क्षेत्रहरु बीच आपसमा तालमेल सृजना गर्न र अन्तर शहरी सीमा समेतलाई समेट्न दिगो आर्थिक उत्पादकत्व अभिबृद्धी गर्न, र शहर-गाउंको क्रमिकतामा साथसाथै क्षेत्रीयस्तरमा समतामूलक बृद्धीको बिकास गर्न मद्दत्त गर्ने दिगो क्षेत्रीय पूर्वाधार परियोजनाहरुमा सहयोग पुर्‍याउंदछौं । यस सन्दर्भमा, नगर र महानगरीय प्रशासनिक कामको रूपमा सार्वजनिक सेवा प्रवाह तथा स्थानीय र क्षेत्रीय बिकासलाई प्रबर्द्धन गर्ने प्रभावकारी माध्यमको रुपमा हामी कार्यक्षेत्रमा आधारित शहरी ग्रामीण साझेदारी तथा अन्तर्नगर सहकार्यको संयन्त्रलाई प्रोत्साहन गर्नेछौँ ।

९७. हामी सम्भव ठाउंहरुमा शहरी क्षेत्रको पुनर्उत्थान तथा प्रवलीकरण गर्दै र अव्यवस्थित र अनौपचारिक बस्तीहरुको स्तरोन्नती सहित उच्च गुणस्तरीय भवन र सार्वजनिक स्थलहरु उपलब्ध गराएर सम्बन्धित सबै सरोकारवाला र बासिन्दाहरुको सहभागितामा एकीकृत र सहभागितामूलक तरिकाबाट अव्यवस्थित शहरी विस्तार तथा स्थानिक र सामाजिक आर्थिक पृथकीकरण र न्यून आयवर्गको बिस्थापनलाई निषेध र नियन्त्रण गर्दै नियोजित शहरी विस्तार तथा रिक्त स्थानपूर्तिलाई प्रबर्द्धन गर्दै र सघन, पुर्ननविकरणलाई प्रथमिकतामा राख्दै योजनाबद्ध शहरी बिस्तार गर्नेछौं ।

९८. हामी अव्यवस्थित शहरी बिस्तारलाई रोक्न, आवागमनमा चुनौती कम गर्न, आवश्यकता र प्रतिव्यक्ति सेवा वितरण लागत न्यूनीकरण गर्न तथा उपयुक्त भएसम्म घनत्व र लागत प्रभावकारिता र सञ्चयलाई सदुपयोग गर्न भूमि तथा प्राकृतिक संसाधनको निष्पक्ष, दक्ष तथा दिगो प्रयोगको सिद्धान्त अवलम्बन गर्दै, सघनता, बहुकेन्द्रीयता, उपयुक्त घनत्व तथा संयोजन, रिक्त स्थानको बहुउपयोग, निर्मित क्षेत्रहरुको मिश्रित सामाजिक आर्थिक प्रयोगमा आधारित योजनाबद्ध शहरी विस्तार गर्ने एकीकृत शहरी र क्षेत्रगत योजनाको प्रबर्द्धन गर्नेछौं ।

९९. हामी यस्ता शहरी योजनाका रणनीतिहरु कार्यान्वयनमा सहयोग गर्नेछौं जसले सबैको लागि उपयुक्त आवासको बिकल्प र गुणस्तरीय आधारभूत सेवाहरुको साथसाथै सार्वजनिक स्थलहरु उपलब्ध गराएर र सामाजिक समिश्रण र सुरक्षालाई सबल बनाएर साथै सामाजिक र अन्तरपुस्ता अन्तरक्रिया र सामाजिक बिबिधतालाई बढावा दिन मद्दत गर्दछ । यस सन्दर्भमा हामी शहरी हिंसाग्रसित क्षेत्रहरुमा सेवा प्रदायक पेशाकर्मी र समुदायलाई उपयुक्त तालीम र सहयोगलगायतका कदमहरु चाल्नेछौं ।

१००. हामी सुरक्षित, सुगम, हरित र सुनियोजित संजाल सहितको गुणस्तरीय सडक र अरु सार्वजनिक स्थलहरुको पक्षपोषण गर्दछौं जुन सबैको लागि उपलब्ध छ र जहां यौनजन्य उत्पिडन र लैंगिक हिंसा लगायतका अपराध र हिंसा नहुनुको साथै मानवीय मापनलाई आत्मासात गरिएका यथासक्य राम्रोसंग सडक सतहको जमीनलाई व्यावसायिक उपयोगको प्रावधानको लागि अंगालिएको छ । यहां औपचारिक र अनौपचारिक दुबै स्थानीय बजार र व्यवसायको साथसाथै गैर नाफामूखी  सामुदायिक प्रयासहरुलाई प्रोत्साहित गर्दै पैदल यात्रा, साइकल सबैारीलाई प्रेरित गर्ने जस्ता सार्वजनिक स्थलहरुमा ओर्लन आकर्षित गर्ने र यसबाट मानिसहरुको स्वास्थ्य र सम्पन्नतामा सुधार ल्याउन मद्दत गर्ने उद्देश्यका प्रयासहरुलाई प्रोत्साहित गरिनेछ ।

१०१. हामी हरितग्यास उत्सर्जन, जलबायू अनुकुलका स्थानिक डिजाइनहरु, भवन र निर्माण, सेवा तथा पूर्वाधार, र प्रकृतिमा आधारित उपायहरु सहित उमेर र लैंगिक उत्तरदायी शहरी र क्षेत्रगत बिकास र योजना प्रकृयाहरु हामी बिपद जोखिम न्यूनीकरण र जलवायू परिवर्तनको अनुकुलन र न्युनिकरण सम्बन्धि आत्मासात गरिएका र उपायहरुलाई आपसमा एकिकृत गर्दछौं । हामी सबै क्षेत्रहरुको बीच सहयोग र समन्वयलाई प्रोत्साहित गर्दछौं र स्थानीय अधिकारीअरुको प्रकोप जोखिम घटाउने र प्रतिकार्य योजना बनाउने क्षमता अभिबृद्धी गर्ने जस्तै जोखिम मुल्यांकन गर्ने, बर्तमान र भविष्यको लागि आवश्यक स्थानमा सार्वजनिक सेवाहरु उपलब्ध गराउने र भैपरि आउने र निकास योजनाहरु बनाउने जस्ता कार्यहरु गर्न प्रोत्साहित गर्नेछौं ।

१०२. हामी राष्ट्रिय, उपराष्ट्रिय तथा स्थानीय तहमा शहरी योजनाकारको शहरी योजना तथा प्रारुपण गर्ने क्षमतामा सुधार र तालिमको प्रावधानमा जोड दिनेछौं ।

१०३. हामी आतंकबाद र आतंकबादलाई सहयोग पुर्‍याउने हिंसात्मक अतिबाद सहित अपराध र हिंसा रोक्नको लागि शहरी सुरक्षा बलियो बनाउन समावेशी उपायहरुलाई एकीकृत गर्दछौं । यी उपायहरुमा आवश्यकता अनुसार निश्चित समूहलाई कलंकित गरेबाट आउनसक्ने सुरक्षा खतराहरुलाई रोकथाम र प्रतिरोध लगायत सार्वजनिक सुरक्षा र अपराध तथा हिंसा निवारण सम्बन्धी नीति तर्जुमा गर्दा जोखिम र सांस्कृतिक सूचक सहित  अव्यवस्थित तथा अनौपचारिक बस्तीहरुबारे मनन् गरी उपयुक्तता अनुसार सम्बन्धित स्थानीय समुदाय तथा गैरसरकारी समूहलाई यस सम्बन्धि शहरी नीति तर्जुमा र पहलमा संलग्न गराइनेछ ।

१०४. हामी कानूनी प्रावधानको अधिनष्ठ रहेर जग्गा दर्ता र प्रशासनको कार्यसंग सम्बन्धित संस्थाहरुद्वारा बलियो, समावेशी व्यवस्थापन प्रारुप प्रयोग गरेर भूमीको पारदर्शि, दिगो व्यवस्थापन र प्रयोग, सम्पत्ती दर्ता र सबल बित्त प्रणाली प्रयोगलाई बढावा दिनेछौं । हामी स्थानीय सरकार तथा सम्बन्धित सरोकारवालाहरुलाई नापीनक्शा, मूल्यांकन, जोखिम नक्शांकन र जग्गा तथा आवासको मूल्य अभिलेख राखिएका स्तरीय, समसामयिक र भरपर्दो  तथ्यांक निकाल्नसक्ने आधारभूत भूमी अभिलेख सूचना राख्ने कार्यमा बिभिन्न संयन्त्रहरु मार्फत सहयोग गर्नेछौं । यी अभिलेखहरुमा कित्ता नक्शा, मूल्यांकन र जोखिम नक्शा, जग्गा र आवासको मूल्य अभिलेख जस्ता विविध संयन्त्रद्वारा स्तरीय, सामयिक र बिश्वसनीय तथ्यांक हुनेछन् जसमा आम्दानी, लिंग, उमेर, बर्ग, जातीयता, आप्रवासनको स्थिति, अपांगता, भौगोलिक अवस्थिति अनुसारको विवरण तथा राष्ट्रिय सन्दर्भमा उपयुक्त अन्य सूचकहरु हुनेछन् जुन आवश्यकता अनुसार जग्गाको मूल्य परिवर्तनमा आवश्यक हुनेछ तर यी तथ्यांकहरु विभेदकारी भूउपयोग नीति तर्जुमा गर्नमा प्रयोग नहुने प्रत्याभूति हुनुपर्नेछ ।

१०५. हामी पर्याप्त आवासको अधिकारको क्रमिक कार्यान्वयनलाई पर्याप्त जीवनस्तर कायम गर्ने अधिकारको अंशको रुपमा प्रोत्साहन गर्नेछौं । हामी राष्ट्रिय, उपराष्ट्रिय तथा स्थानीय बिकास रणनीतिहरु, भूमि नीति तथा आवास आपूर्तिबीच सुसंगति सुनिश्चित गर्न सहभागितामूलक योजना र आनुसंगिक सिद्धान्तलाई यथोचित लागू गरेर सबै तहमा आवास नीति तर्जुमा र कार्यान्वयन गर्नेछौं ।

१०६. हामी सामाजिक समावेशी, आर्थिक प्रभावकारिता तथा वातावरण संरक्षणको सिद्धान्तमा आधारित आवास नीतिहरुको प्रवर्द्धन गर्नेछौं । हामी, सार्वजनिक स्रोतको किफायती र दिगो आवासको लागि प्रभावकारी प्रयोगलाई सहयोग गर्दछौं जसमा सामाजिक समावेशिताको लागि शहरका केन्द्र तथा पर्याप्त पूर्वाधार भएका सघन शहरी क्षेत्रहरुमा भएका जग्गा मिश्रित आय बिकासलाई प्रबर्धन गर्ने लगायतका कार्यहरु पर्दछन् ।

१०७. बिशेषतः न्यून आय वर्गको लागि आवासको आपूर्तिमा सुधार गर्न, पृथकीकरण र जबरजस्ती निष्कासन तथा विस्थापनलाई निषेध गर्न र सम्मानजनक र पर्याप्त क्षतिपूर्तिका लागि हामी बिबिध प्रकारका किफायती, दिगो आवासको विकल्पहरु, भाडाको आवास तथा सह आवास, सामुदायिक भूमि कोष तथा व्यक्ति र समुदायको आसन्न आवश्यकतालाई सम्बोधन गर्ने सामूहिक स्वामित्वका सहकारी लगायत अन्य वैकल्पिक स्वरुपलाई प्रबर्द्धन गर्ने नीति, साधन, संयन्त्र तथा बित्तीय नमूनाको बिकास गर्न प्रोत्साहन गर्नेछौँ । यसमा अव्यवस्थित र अनौपचारिक बस्तीहरुको स्तरोन्नतिको लागि विशेष ध्यान दिएर क्रमागत आवास तथा स्वनिर्माण विधिमा सहयोग समावेश हुनेछ ।

१०८. हामी शिक्षा, रोजगारी, आवास र स्वास्थ्य बीचको सुदृढ सम्बन्धलाई सम्बोधन गरेर र बहिष्करण तथा बिभाजनलाई रोकेर स्थानीय एकीकृत आवासका पद्धतिहरुलाई प्रोत्साहन दिने आवास नीतिको बिकासलाई समर्थन गर्नेछौँ । यस अतिरिक्त हामी बिस्तृत, समावेशी, तथा दिगो **पहिला आवास** कार्यक्रम जस्ता समर्पित नीतिहरु तथा लक्षित सक्रीय समावेशी रणनीतिद्वारा घरबारबिहीनताको प्रतिरोध गर्न तथा यसको अपराधीकरणलाई निषेध र निर्मूल गर्न प्रतिबद्ध छौँ ।

१०९ हामी अव्यवस्थित र अनौपचारिक बस्तीहरुको स्तरोन्नति र भौतिक र वातावरणीय सुधार भन्दा माथि शहर को सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक आयामसंग एकीकरण सुनिश्चित हुनेगरी रणनीतिहरु लागू गरी यथासम्भव अव्यवस्थित र अनौपचारिक बस्तीको उपयुक्तता अनुसार स्तरोन्नति वा रोकथामको लागि आर्थिक र मानवीय स्रोतको बिनियोजनमा बृद्धिलाई ध्यान दिनेछौं । यी रणनीतिहरुले उपयुक्त तवरले दिगो, पर्याप्त, सुरक्षित, सुगमतायोग्य, हरित र स्तरीय सार्वजनिक स्थलमा पहूंचलाई समावेश गर्नुको साथै स्वामित्वको सुरक्षा र नियमन तथा द्वन्द निवारण र मध्यस्थताका उपायहरुलाई समेत प्रबर्द्धन गर्नु आवश्यक हुनेछ ।

११०. हामी, अव्यवस्थित तथा अनौपचारिक बस्तीका बासिन्दाहरुको बसोबासको अवस्थालाई सुधार गर्न पहिलेका प्रयासहरुका अनुभवहरुलाई दृष्टिगत गरी अव्यवस्थित तथा अनौपचारिक बस्तीको जनसंख्याको अनुपात घटाउन समावेशी तथा पारदर्शी अनुगमन प्रणालीलाई परिभाषित गर्ने र सुदृढ बनाउने जस्ता कार्यहरुलाई समर्थन गर्नेछौँ ।

१११. हामी, उपयुक्त भएसम्म आवासको क्षेत्रमा उत्थानशील भवन संहिता, मापदण्ड, बिकास अनुमति, भूउपयोग मापदण्ड तथा आदेश, योजना मापदण्ड समेत पर्याप्त तथा प्रवर्तनीय नियमनको बिकासलाई प्रबर्द्धन, कृत्रिम अनुमान, बिस्थापन, घरबारबिहीनता तथा स्वेच्छाचारी र जबरजस्ती उठिबासको सामना र प्रतिकार, एवं दिगोपन, स्तरीयता, किफायतीपन, स्वास्थ्य, सुरक्षा, पहूंच, उर्जा तथा स्रोत कुशलता र उत्थानशीलता सुनिश्चित गर्नेछौं । हामी आवास आपूर्ति तथा निश्चित सामाजिक, आर्थिक, वातावरणीय र सांस्कृतिक आयामहरुलाई ध्यानमा राखेर उच्च गुणस्तरीय, समयोचित तथा राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय तहमा छरिएर रहेको बिश्वसनीय तथ्यांकमा आधारित विविध विश्लेषणलाई प्रबर्द्धन गर्नेछौं ।

११२. हामी जुनसुकै सामाजिक तथा आर्थिक समूहका बासिन्दा भए पनि शहरी प्रणालीबाट अलग पारेर शहरको पुछार मा वा एक्लिएका आमआवासको बिकासलाई बर्जित गरेर तथा न्यून आय वर्गको आवासको आवश्यकतालाई समाधान गरेर राम्रो अवस्थिति र सुवितरित आवास व्यवस्थालाई प्राथमिकता दिएर, तथा आवास तथा जनसमूहको आवश्यकतालाई आवास रणनीतिको केन्द्रभागमा राखेर दिगो शहरी बिकास कार्यक्रमहरुको कार्यान्वयनलाई प्रबर्द्धन गर्नेछौँ ।

११३. हामी सडक सुरक्षालाई सुधार गर्ने तथा त्यसलाई दिगो आवागमन तथा यातायात पूर्वाधार योजना तथा प्रारुपणसंग एकीकृत गर्न उपयुक्त कदम चाल्नेछौँ । जनचेतना अभिबृद्धि कार्यक्रमहरुसँगै, हामी **सडक सुरक्षाका लागि कार्य दशक** कार्यक्रम अन्तरगत सम्पूर्ण महिला तथा बालबालिका, युवा, बृद्ध तथा अपांगता भएका व्यक्ति, र जोखिमपूर्ण अवस्थामा रहेकाहरुको आवश्यकतालाई विशेष ध्यान दिएर सुरक्षा प्रणालीलाई प्रबर्द्धन गर्नेछौँ । मूलतः चोटपटक र गैर संक्रामक रोग निवारण गर्न स्वस्थताको बृहत उद्देश्य सहित पैदल यात्रु तथा साइकल आवागमनलाई सक्रीय रुपमा सुरक्षित तथा प्रबर्द्धन गर्ने नीति तथा उपायहरु तर्जुमा, कार्यान्वयन तथा लागू गर्न हामी क्रियाशील रहने छौं र बिश्वव्यापी रुपमा अझ खास गरी बिकासोन्मुख राष्ट्रहरुमा देखिएको उच्च तथा बढ्दो मोटरसाइकल मृत्यु तथा चोटपटकको असंगतरुपमा भएको बृद्धिलाई ध्यानमा राखी मोटरसाइकल सुरक्षाको लागि बिस्तारित बिधान तथा नीति निर्माण तथा कार्यान्वयन गर्न कार्यरत रहनेछौँ । हामी हरेक केटाकेटीको बिद्यालयसम्मको सुरक्षित तथा स्वस्थ यात्रालाई प्राथमिकतासाथ प्रबर्द्धन गर्नेछौँ ।

११४. हामी शहर तथा बस्तीमा सामाजिक तथा आर्थिक गतिविधिहरुमा अर्थपूर्ण सहभागिता जनाउंदै यातायात र आवागमन योजनालाई समग्र शहरी तथा क्षेत्रगत योजनासँग गाँसेर तथा यातायात र आवागमनका बिबिध बिकल्पहरुलाई प्रवर्द्धन गरेर, र बिशेषत: निम्न कुरालाई साथ दिएर सबैका लागि सुरक्षित, उमेर तथा लैंगिक, किफायती, सुलभ र दिगो शहरी आवागमन र भू तथा समुद्री परिवहन प्रणालीमा पहूंचलाई प्रवर्द्धन गर्नेछौँ :

(क) सार्वजनिक यातायातको सहज, सुरक्षित, कुशल, किफायती तथा दिगो संरचनाको साथै पदयात्रा र साइकल जस्ता बिना मोटरका बिकल्पहरुलाई निजी र मोटरयुक्त यातायातलाई भन्दा प्राथमिकता दिनुमा उल्लेख्य बृद्धि,

(ख) समतामूलक **परागमन उन्मुख (टत्रान्जिट ओरिएन्टेड) बिकास** लाई बढावा दिने जसले विशेषत गरीबहरुको बिस्थापनलाई कम गर्दछ र किफायती, मिश्रितआय वर्गको आवास लगायत काम र सेवाहरुलाई एकै ठाउंमा उपलब्ध गराउन मद्दत गर्दछ ।

(ग) बिशेषत: साना टापु र बिकासोन्मुख देशका साथै तटीय शहरहरुका लागि राम्रो र संयोजित यातायात र भू उपयोग योजना । यसले यात्रा र आवागमनको आवश्यकता घटाउंदछ र जलमार्ग तथा यातायात र आवागमन योजना निर्माणबाट शहरी, उपशहरी तथा ग्रामीण क्षेत्रहरु बीच सम्पर्क बढ्दछ,

(घ) वस्तु तथा सेवासम्म प्रभावकारी पहूंच पुर्याई त्यसबाट वातावरणमा तथा शहरको जीवनयोग्यतामा पर्ने असर न्यूनीकरण गर्ने तथा टिकाऊ, समावेशी र दिगो आर्थिक बृद्धिमा अधिकतम योगदान गर्ने शहरी सामान ढुवानी योजना तथा सरसामान व्यवस्थापन अवधारणा ।

११५. हामी, वातावरण, अर्थतन्त्र, सामाजिक सामञ्जस्यता, जीवनस्तर, पहूंच, सडक सुरक्षा, सार्वजनिक स्वास्थ्य तथा जलवायु परिवर्तनमा पर्ने असर लगायत बिषयमा राष्ट्रिय, उपराष्ट्रिय तथा स्थानीय तहहरुमा शहरी तथा नगर यातायात प्रणालीको बृहत्तर लाभको मूल्यांकन गर्ने संयन्त्र तथा सामूहिक प्रारुप तयार पार्न कदम चाल्नेछौँ ।

११६. हामी सामूहिक आवागमन सेवालाई प्रवर्द्धन गर्ने नयाँ प्रविधि सहितको दिगो, खुला र पारदर्शी खरीद तथा शहरी र महानगरीय क्षेत्रहरुमा यातायात र आवागमन सेवा नियमनका लागि दिगो राष्ट्रिय शहरी यातायात र आवागमन नीतिहरुमा आधारित उल्लिखित प्रक्रिया तथा संरचनाहरुको बिकासलाई सहयोग गर्नेछौँ । हामी स्थानीय सरकार तथा यातायात र आवागमन सेवा प्रदायकहरुबीच सार्वजनिक चासो तथा व्यक्तिगत गोपनीयतालाई सुरक्षित गर्ने र पारस्परिक दायित्व परिभाषित गर्ने तथ्याङ्क व्यवस्थापन सहितको स्पष्ट, पारदर्शी, तथा उत्तरदायी करारीय सम्बन्ध बिकास गर्न सहयोग गर्नेछौँ ।

हामी त्यस्ता संयन्त्र तथा प्रारुपहरुको बिकास गर्न सहयोग गर्नेछौं जहां दिगो शहरी यातायात तथा आवागमन नीतिअनुरुप नयां प्रबिधि जसले आवागमन सेवा सबैले उपयोग गर्न मद्दत गर्ने खालका र शहर र महानगरीय क्षेत्रहरुमा दिगो, खुल्ला, पारदर्शि खरीद र यातायात र आवागमन सेवाका बिधिहरु समावेश गरिएको हुन्छ ।

हामी स्थानीय सरकार र यातायात र आवागमन सेवा प्रदायक बीचको जवाफदेहीतापूर्ण सम्झौताको सहयोग गर्दछौं जुन सार्वजनिक चासोको संरक्षण गर्ने, नीजि गोपनियताको सम्मान गर्ने र आपसी जिम्मेवारीको सुनिश्चिता प्रदान गर्ने तथ्यांक व्यवस्थापन सहितको प्रष्ट, र पारदर्शि हुनेछ ।

११७. हामी दिगो शहरी तथा महानगरीय यातायात र आवागमन योजना सहित राष्ट्रिय, उपराष्ट्रिय तथा स्थानीय तहमा योजना तथा नीतिगत संरचनाबारे पारस्परिक समझदारी बमोजिम यातायात तथा शहरी र क्षेत्रीय योजना सम्बन्धी कार्य गर्ने विभागहरुबीच सुधारिएको समन्वयको पक्षमा रहनेछौँ । हामी उपराष्ट्रिय तथा स्थानीय सरकारहरुलाई ती योजनाहरु कार्यान्वयन गर्न आवश्यक ज्ञान तथा क्षमता बिकास गर्नमा सहयोग गर्नेछौँ ।

११८. हामी राष्ट्रिय, उपराष्ट्रिय तथा स्थानीय सरकारहरुलाई बित्तीय साधनको बिकास तथा बिस्तार गर्न, सामूहिक द्रुत परिवहन प्रणाली, एकीकृत यातायात प्रणाली, हवाई तथा रेल प्रणाली र सुरक्षित, यथेष्ट र पर्याप्त पैदलमार्ग तथा साइकलको पूर्वाधारको साथै यातायात तथा पारवहन प्रणालीमा भीड तथा प्रदूषण न्यूनीकरण गर्दै दक्षता, संयोजन, सुगमता, स्वस्थ तथा जीवनस्तर सुधार गर्ने प्रविधिमा आधारित नवीनता जस्ता यातायात तथा आवागमन पूर्वाधार र प्रणाली सुधारमा सक्षम बनाउन प्रोत्साहित गर्दछौँ ।

११९ हामी जलउत्पन्न प्रकोपको अवस्थामा सुरक्षित हुन स्वास्थमा सुधार गर्न, सबैको लागि सफा र उपयुक्त पिउने पानीको सर्बैव्यापी तथा समान पहूंच सुनिश्चित गर्न, साथै महिला बालिका र जोखिममा रहेकाको आवश्यकता र सुरक्षामा विशेष ध्यान दिएर सबैको लागि पर्याप्त र समान सरसफाइ तथा स्वास्थ्यको पहूंच र खुला दिसाको अन्त्य र पानी, सरसफाइ तथा स्वास्थ्य, ढल, फोहोरमैला व्यवस्थापन, शहरी ढल निकास, वायु प्रदूषण न्यूनीकरण र ढलनिकास व्यवस्थापनका लागि संरक्षण, पहूंच सहितको तथा दिगो पूर्वाधार तथा सेवा प्रदायक प्रणालीमा पर्याप्त लगानीलाई प्रबर्द्धन गर्नेछौं । हामी यस पूर्वाधारलाई जलवायु उत्थानशील हुने तथा एकीकृत शहरी तथा क्षेत्रगत बिकास योजना तथा आवास र आवागमन योजनाको अंश बन्ने र अन्य विषयका अतिरिक्त यसलाई सहभागितामूलक रुपमा नवीन आविस्कार, स्रोत कुशल, सुलभ, अवस्था सुहाउंदो पारिस्थितिक तथा सांस्कृतिक संवेदनशीलता सहितको र दिगो समाधानलाई ध्यानमा राखेर कार्यान्वियन गरिने कार्य सुनिश्चित होस् भन्ने चाहन्छौं ।

१२०. क्रमिक रुपमा पानी र सरसफाईमा भएका असमानताको अन्त्य तथा बिश्वव्यापी र समतामूलक रुपमा सबैको लागि सफा र आवश्यक पिउनेपानी र सरसफाइ तथा स्वास्थ्यसेवा प्रदान गर्नको लागि क्षमता बिकास, शहरी पूर्वाधार सेवाको दिगो मर्मत सहित दिगो पानी व्यवस्थापन प्रणाली कार्यान्वियन गर्ने क्षमता सहित सार्वजनिक पानी र सरसफाइको प्रयोगलाई साधनसम्पन्न बनाउन हामी क्रियाशील रहने छौं ।

१२१. ऊर्जा-कुशल र दिगो नवीकरणीय ऊर्जाको प्रवर्द्धन र उपराष्ट्रिय र स्थानीय प्रयासहरुलाई सार्वजनिक भवन, संरचना र सुविधाहरुमा उपयोग गर्नुको साथै स्थानीय संरचना र संहिता लागू हुने स्थानमा उपराष्ट्रिय र स्थानीय सरकारको प्रत्यक्ष नियन्त्रणबाट फाइदा लिँदै आबासीय, व्यावसायिक र औद्योगिक भवन, उद्योग, यातायात, फोहोरमैला र ढलनिकास जस्ता क्षेत्रको प्रत्यक्ष उपभोक्ताको ग्रहणशक्तिमा बृद्धि गरी किफायती, भरपर्दो र आधुनिक ऊर्जा सेवाको बिश्वव्यापी सुगमतालाई हामी सुनिश्चित गर्नेछौं । निर्माण संहिता र मापदण्डहरु, नवीकरणीय क्षेत्रगत लक्ष्य, ऊर्जा–प्रभावकारी चिन्हको प्रयोग, बिद्यमान भवनको प्रबलीकरण तथा अन्य उपयुक्त उपायमध्ये ऊर्जामा सार्वजनिक खरीद नीतिको अनुमोदनका हामी लागि प्रेरित गर्दछौं । नवीकरणीय ऊर्जा र ऊर्जा कुशलता बीच सहकार्य बृद्धि गर्न स्मार्ट-ग्रिड, जिल्ला स्तरीय ऊर्जा प्रणाली तथा सामुदायिक ऊर्जा योजनालाई हामी प्राथमिकता दिनेछौं ।

१२२. हामी दिगो फोहोर व्यवस्थापन प्रणालीमा बिश्वव्यापी पहूंच प्रवर्द्धन गर्नका लागि फोहोर बिसर्जनको विकेन्द्रित निर्णय प्रक्रियामा सहयोग गर्नेछौँ । फोहोर उत्पादक र निर्माताहरुलाई शहरी फोहोर व्यवस्थापन प्रणालीको लागि आर्थिक प्रबन्ध मिलाउने, फोहोरको क्षेत्रबाट हुने हानी र सामाजिक-आर्थिक असर कम गर्ने तथा कुशल उत्पादन विधिमार्फत् पुनर्चक्रको दर बढाउने खालको बिस्तृत उत्पादक-दायित्वको उपाय प्रवर्द्धन गर्न हामी सहयोग गर्नेछौँ ।

१२३. भोकमरी र कुपोषणको अन्त्य गर्न शहरी र क्षेत्रगत योजनाहरुमा खाद्य सुरक्षा र शहरका बासिन्दा बिशेषतः शहरी गरीबको पोषणको आवश्यकतालाई एकीकृत गर्ने कार्यलाई हामी प्रवर्द्धन गर्नेछौं । खेर फालिने खाद्यान्न कम गर्न र खाद्य विनाश रोक्न तथा खाद्यान्नको पुनर्प्रयोग गर्न खाद्य उत्पादन, भण्डारण, ढुवानी र उपभोक्ताका लागि उपयुक्त र धान्नसक्ने रुपमा बजार सुविधा पुर्‍याउन हामी शहरी, उपशहरी र ग्रामीण क्षेत्रमा दिगो खाद्य सुरक्षा र कृषि नीतिहरुको संयोजनलाई प्रवर्द्धन गर्नेछौं । अधिकतम कुशलता बढाउन र खेरजाने खाद्य घटाउन खाद्य नीतिको ऊर्जा, खानेपानी, स्वास्थ्य, यातायात र फोहोरमैलाका नीतिहरुसँग संयोजन, बिउबिजनको जैबिक बिबिधता बचाउन, हानिकारक रसायनको प्रयोग घटाउन र शहरी क्षेत्रमा अन्य नीतिहरु कार्यान्वियनमा हामी जोड दिनुको साथै समन्वयलाई बढावा दिनेछौं ।



यातायातका साधनहरूको विविधता: काठमाडौँमा शहर व्यवस्थापनको प्रमुख चुनौती बनेको छ © Shutterstock

१२४. विविध प्रकारका मूर्त र अमूर्त सांस्कृतिक सम्पदा र भौगोलिक स्वरुप(ल्याण्डस्केप)को संरक्षणका लागि गुरुयोजना, भू-उपयोग निर्देशिका, भवन संहिता, तटीय व्यवस्थापन नीति र रणनीतिक बिकास नीतिहरु सहितका योजना संयन्त्र अंगिकार गरेर हामी संस्कृतिलाई शहरी योजना र रणनीतिहरुको प्राथमिक अंगको रुपमा समावेश गर्नेछौं र शहरी बिकासको सम्भावित दुष्प्रभावबाट संरक्षण गर्नेछौं ।

१२५. दिगो शहरी बिकासका लागि हामी सांस्कृतिक सम्पदाबाट लाभ उठाउन सहयोग गर्नेछौं र सहभागिता एवं उत्तरदायित्व बढाउनमा यसको भूमिकालाई पहिचान गर्दछौं । हामी सम्पदाहरुको सम्मानित तरिकाले मर्मत र अनुशिलनद्वारा महत्व बढाएर बास्तुकला स्मारकहरुको र सम्पदास्थलहरुको नविन र दिगो उपयोगलाई बढावा दिन्छौं । हामी मूर्त र अमूर्त सम्पदाहरुको प्रवर्धन र ज्ञानको प्रसार गर्न परम्परागत व्याख्या र भाषा र अभिव्यक्तिलाई संरक्षण गर्दै उपयुक्तता अनुसार नयाँ प्रविधि र माध्यमको प्रयोग समेतमा आदिबासी र स्थानीय समुदायहरुलाई संलग्न गराउंदछौं ।

## *कार्यान्वयनको माध्यमहरु*

१२६. हामी **नयाँ शहरी कार्यसूची**को कार्यान्वयनका लागि सहज बातावरण र बृहद कार्यान्वयनको माध्यमहरु, बिज्ञान, प्रविधि र आविष्कार र पारस्परिक रुपमा स्विकृत सर्तहरुको अधिनष्ठ परिष्कृत ज्ञानको प्रसार सहितका साथै क्षमता अभिबृद्धी र आर्थिक स्रोतहरुको परिचालन, बिकसित र बिकासोन्मूख मुलुकहरुको प्रतिबद्धता र सबै बिश्वव्यापी, क्षेत्रीय, राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय तहमा उपलब्ध परम्परागत र नविन स्रोतहरुलाई उपयोग गर्दै सबै तहका सरकारहरु, नीजि क्षेत्र, नागरिक समाज, संयुक्त राष्ट्र संघ प्रणाली र अन्य पात्रहरु जो समानता, भेदभावरहित, उत्तरदायी, मानव अधिकारको सम्मान गर्ने र एक्यबद्धता जाहेर गर्ने मूलतः जो अत्यन्त गरीब र संबेदनशिल छन् संग बिकशित अन्तरराष्ट्रिय सहयोग र साझेदारीहरुको पहिचान गर्दछौं ।

१२७. हामी सन् २०३०को **दिगो बिकास** तथा **अडिस अबाबा कार्यसूची**को कार्यान्वयनप्रति आफ्नो दृढताको पुनर्पुष्टि गर्दछौं ।

१२८. हामी युएन-ह्याबिट्याट, अन्य संयुक्त राष्ट्र संघीय कार्यक्रमहरु तथा निकायहरु र अन्य सम्बन्धित सरोकार वालाहरुलाई पक्ष राष्ट्रहरु, स्थानीय अधिकारीहरु, प्रमुख समूहहरु र अन्य सम्बन्धित सरोकारवालाहरुसँग निकट सहकार्य तथा विज्ञहरुको परिचालनबाट **नयाँ शहरी कार्यसूची** तथा दिगो बिकासका लक्ष्यहरुको शहरी विषयको कार्यान्वयनका लागि प्रामाणिक तथा प्रयोगात्मक निर्देशिका तर्जुमा गर्न प्रेरित गर्दछौं । हामी **ह्याबिटाट ३** सम्मेलनको धरोहरमा उभिएर उक्त सम्मेलनका क्षेत्रीय तथा विषयगत बैठक लगायत यसको तयारी क्रममा सहभागितामूलक प्रक्रियाबाट सिकेका पाठहरुको आडमा खडा रहनेछौं । यस सन्दर्भमा हामी अन्य बिषयहरुको साथसाथै **द वर्ल्ड अर्बन क्याम्पेन, द जनरल एसेम्ब्ली अफ पार्टनर्स फर ह्याबिट्याट ३** र **ग्लोबल ल्याण्ड टूल नेटवर्क** को महत्वपूर्ण देनलाई टिपोट गर्दछौं ।

१२९ हामी युएन-ह्याबिट्याटलाई दिगो शहरी बिकासको प्रारुपण, योजना र व्यवस्थामा राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय सरकारको ज्ञान तथा क्षमता बिकास र साधन प्रदान गर्ने कार्यलाई निरन्तरता दिन आग्रह गर्दछौं ।

१३०. बिद्यमान शहरी नीति र रणनीतिबाट निर्देशित भई दिगो शहरी बिकासमा, प्रासांगिक भएसम्म, सबै तहमा सहयोगी बातावरण भएको अवस्थामा एकीकृत आर्थिक प्रारुपबाट लाभ लिन सकिन्छ भन्ने हामी मान्यता राख्दछौं । कार्यान्वयनका सबै आर्थिक माध्यमहरुमा उपलब्ध भएसम्म सामञ्जस्य, नीतिगत संरचना र आर्थिक विकेन्द्रीकरण प्रक्रिया तथा सबै तहमा उचित क्षमताको बिकास सुनिश्चित गर्नुको महत्वलाई हामी स्वीकार गर्दछौं । हामीं, उपलब्ध भएसम्म, सबै आर्थिक कार्यान्वयनका माध्यमहरु सुसंगत तरिकाले नीतिगत प्रारुप र बित्तीय बिकेन्द्रिकरण प्रक्रियामा उभ्याइनु र यसको कार्यान्वयनको लागि सबै तहहरुमा पर्याप्त क्षमता बिकास गर्नुमहत्वपूर्ण हुन्छ भन्ने स्विकार्दछौं ।

१३१. प्रत्येक देशको प्राथमिक जिम्मेवारी उसको आफ्नै आर्थिक र सामाजिक बिकास हुन्छ भन्ने मनन् गर्दै दिगो शहरी बिकास प्राप्तीको लागि, दिइएको अवस्था प्रति सम्बेदनशिल बन्दै, बिशेष औजार र संयन्त्रहरुको उपयोग गरेर हामी शहरीकरणमा लगानी गर्न र सबै तहका सरकारहरुमा बित्तीय व्यवस्थापन क्षमता अभिबृद्धी गर्न सहयोग गर्नेछौं ।

१३२. शहरी बिकासको लागि आर्थिक अवस्था सुधार गर्न र अतिरिक्त स्रोतहरुमा पहूंच खुल्ला गर्न शहरीकरणको फाइदाहरु बटुलेर प्राप्त हुने आन्तरिक स्रोत र राजस्व परिचालन गरेर साथसाथै सार्वजनिक र नीजि लगानीहरुलाई अधिकतम प्रभावकारी बनाएर र यस्तो स्रोतको उत्प्रेरक प्रभाव सृजना गरेर सबै देशहरुको लागि राष्ट्रिय स्वामित्वको सिद्धान्तले अभिप्रेरित गरे अनुसार सार्वजनिक नीतिहरु, परिचालन र नयां शहरी कार्यसूचीको कार्यान्वयन सहित दिगो शहरी बिकास गर्ने हाम्रो साझा प्रयासहरुलाई केन्द्र भागमा राखेर हामी आन्तरिक स्रोतहरुको प्रभावकारी उपयोग गर्नेछौं ।

१३३. नीजि व्यवसायका गतिविधिहरु, लगानी र नविन प्रयोगहरु, उत्पादकत्व, समावेशी बृद्धी, र रोजगारी निर्माणका प्रमूख परिचालकहरु भएको कुरा मनन् गर्दै र यी नीजि लगानी, बिशेषत: स्थीर अन्तर्राष्ट्रिय बित्तीय प्रणालीको साथमा बैदेशिक सिधा लगानी बिकास प्रयासहरुको अत्यावश्यक तत्व भएको हुनाले हामी व्यवसायीहरुलाई आह्वान गर्दछौं कि उनीहरुले शहरहरुको दिगो बिकासका चुनौतीहरुको समाधानको लागि आफ्ना सृजनात्मकता र नविन आविस्कारहरु प्रयोग गरुन् ।

१३४. हामी उपयुक्त नीति र क्षमता कायम गर्नमा उपराष्ट्रिय र स्थानीय सरकारहरुलाई आफ्नो सम्भावित राजस्वको आधार र सहयोग गर्नेछौं, उदाहरणको लागि बहूउद्देश्यिय नापी नक्शा, स्थानीय करहरु, शुल्कहरु र सेवा शुल्कहरु, राष्ट्रिय नीतिहरुको अधिनष्ठ रहेर महिला र बालिका, केटाकेटी र यूवा, बृद्ध, अपांगता भएका व्यक्तिहरु, आदिबासीहरु र स्थानीय समुदायहरु, र गरीब घरधुरीहरु असमानुपातिक तवरमा प्रभावित भएका छैनन् भन्ने प्रत्याभूत गर्ने नीतिहरु प्रति समर्थन जनाउनेछौं ।

१३५. हामी राष्ट्रिय सरकारबाट उपराष्ट्रिय र स्थानीय सरकारहरुमा ठोस र पारदर्शी प्रणालीद्वारा यी सरकारहरुको आवश्यकता, प्राथमिकता, काम कर्तव्यहरु, अख्तियारी, र कार्यसम्पादनमा आधारित प्रोत्साहन, मा आधारित भएर बित्तीय बिनियोजन गर्ने प्रणालीको प्रवर्धन गर्दछौं र यसले उनीहरुलाई पर्याप्त, समयमा नै र आंकलन गर्न सकिने स्रोतहरु उपलव्ध सुनिश्चित गर्दछ र उनीहरुको राजस्व उठाउने र खर्च गर्ने क्षमता बिकास गर्नमा मद्दत गर्दछ ।

१३६. उपराष्ट्रिय क्षेत्रहरुमा, शहरी केन्द्रहरु बीच एवं शहरी र ग्रामीण क्षेत्रबीच असामनता कम गर्न तथा एकीकृत र सन्तुलित क्षेत्रगत बिकास प्रवर्द्धन गर्न हामी आर्थिक स्रोतहरु बाँडफांडमा ठाडो (तलदेखि माथि) र तेर्सो (आफ्नै तहहरु बीच) प्रणालीको बिकासमा सहयोग गर्नेछौं । यस सन्दर्भमा खर्च र स्रोत बाँडफाँडको सूचनामा पारदर्शिता सुधारलाई हामी समानता र क्षेत्रगत एकीकरणको प्रगती मूल्यांकन गर्ने साधनको रुपमा उपयोग गर्न महत्वका साथ जोड दिन्छौं ।

१३७. हामी शहरी बिकासका प्रक्रियाहरुको कारण, पूर्वाधार आयोजनाहरु र सार्वजनिक लगानीको कारण भएको जग्गा र सम्पत्तीको मूल्यमा बृद्धीलाई ग्रहण गर्ने र आपसमा बांड्ने जस्ता उत्तम अभ्यासको प्रवर्धन गर्दछौं । यस्ता फाइदा केवल नीजि क्षेत्रले मात्र उपयोग गर्ने वा घरजग्गाको सट्टेबाजीको अवस्था सृजना हुन नदिन आवश्यकता अनुसार लाभमा आधारित बित्तीय नीतिहरुलाई अंगाल्न सकिन्छ । हामी बित्तीय प्रणाली र शहरी योजनाको साथसाथै जग्गा बजार विनियम जस्ता शहरी व्यवस्थापनका औजारहरु संगको सम्बन्धलाई अझ मजबुत पार्नेछौं । हामी भूमीमा आधारित बित्तबाट दिगो नहुने भू उपयोग र उपभोग हुन नदिन सचेत रहने छौं ।

१३८. हामी उपराष्ट्रिय र स्थानीय सरकारहरुको पारदर्शी र खर्च नियन्त्रणका उपायहरु सहितका प्रयासहरुलाई सहयोग पुर्‍याउंदछौं जसमा स्थानीय लगानी र परियोजनाहरुमा आवश्यकता र त्यसको प्रतिफल मूल्यांकन गर्ने व्यवस्था, कानुनी नियन्त्रण र सार्वजनकि सहभागितामा आधारित भएर र सम्भव भएसम्म खुल्ला र निस्पक्ष बोलकबोल प्रकृयाद्वारा खरीद प्रावधान र बिश्वसनीय बजेट परिचालनको साथसाथै राष्ट्रिय नीतिसंग मेलखाने तरिकाले इमान्दारीता, जवाफदेहीता, प्रभावकारी व्यवस्थापन, र सार्वजनिक सम्पत्ती र भूमीमा पहूंच भएका भ्रष्टाचार बिरोधी प्रावधानहरुलाई अंगिकार गरिएको होस् ।

१३९ हामी स्थानीय ऋणयोग्यता लगायत यथोचित नगरीय बिस्तारित दिगो ऋण बजारको माध्यमबाट दिगो ऋण व्यवस्थापनमा आधारित तथा पर्याप्त राजस्व र क्षमताद्वारा समर्थित दिगो राष्ट्रिय र नगरीय कर्जाको लागि सुदृढ कानूनी र नियमनकारी संरचना निर्माणमा सहयोग गर्नेछौँ । हामी क्षेत्रीय, राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय बिकास कोष वा बिकास बैंक लगायत सार्वजनिक र निजी, राष्ट्रिय वा अन्तर्राष्ट्रिय आर्थिक व्यवस्था उत्प्रेरित गर्ने साझा बित्त व्यवस्था जस्ता शहरी बित्तका लागि उचित बित्तीय मध्यवर्ती संस्थाहरु गठन गर्नमा ध्यान दिनेछौँ । मुद्रा जोखिम व्यवस्थित गर्दै पुँजीको रकम घटाउन र निजी क्षेत्र र घरधुरीलाई दिगो शहरी बिकास र उत्थानशील निर्माण प्रयासमा र जोखिम रुपान्तरण व्यवस्थाको सुगमतामा सहभागी हुन प्रोत्साहित गर्नका लागि हामी बहुपक्षीय लगानीको सुनिश्चितता संयन्त्र जस्ता जोखिम न्यूनीकरणको व्यवस्था प्रवर्द्धन गर्ने कार्य गर्नेछौँ ।

१४०. हामी उपयुक्त र किफायती आवासको लागि आर्थिक उपाय बिकास गर्न तथा सबै किसिमका किफायती र क्रमिक आवास लगायत सबै प्रकारको आवासमा लगानी गर्न बहुपक्षीय बित्तीय संस्था, क्षेत्रीय बिकास बैंक, बिकास बित्तीय संस्था, सहयोगी संस्था, निजी क्षेत्रका ऋणदाता र लगानीकर्ता, सहकारी, ऋणदाता र लघुबित्तीय बैंकहरुको लगानीलाई प्रेरित गर्न सहयोग गर्नेछौँ ।

१४१. हामी सबै पक्षहरुबीच समन्वय, हस्तक्षेप तथा उत्तरदायित्व सुनिश्चित गर्दै राष्ट्रियस्तरमा शहरी र क्षेत्रगत यातायात पूर्वाधार र जनसहयोगदेखि अन्य सार्वजनिक निकाय र निजी क्षेत्रबाट योगदानसम्मका विविध आर्थिक स्रोतमा आधारित सेवा कोष बनाउन ध्यान पुर्‍याउनेछौँ ।

१४२. हामी अन्तर्राष्ट्रिय बहुपक्षीय बित्तीय संस्थाहरु, क्षेत्रीय बिकास बैकह, बिकास बित्तीय संस्थाहरु र सहयोगी निकायहरुलाई बिशेषतः बिकासोन्मुख देशहरुमा **नयाँ शहरी कार्यसूची**को कार्यान्वयन गर्ने कार्यक्रम र आयोजनाहरुलाई नवीन आर्थिक व्यवस्थाहरु मार्फत् समेत आर्थिक सहयोग गर्न आह्वान गर्दछौँ ।

१४३. हामी स्वीकृत प्रक्रियाको अधीनमा रहँदै उपराष्ट्रिय र स्थानीय सरकारहरुका लागि जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण योजना, नीति, कार्यक्रम र कार्यका लागि स्रोत सुरक्षित गर्न अन्य विषयका अतिरिक्त हरित जलवायु कोष, बिश्व वातावरण सुविधा, अनुकूलन कोष र जलवायु लगानी कोष लगायतका विविध बहुपक्षीय कोषप्रतिको सुगमतालाई सहयोग गर्नेछौँ । हामी सबै सरकारी तहहरुमा बित्तीय र ऋणको दिगोपना सुनिश्चित गराउन राष्ट्रिय संरचना अनुकूल उत्प्रेरक बित्तीय साधनहरुको खोजी गर्नका लागि जलवायु बित्तीय संरचनाका उपायहरुको बिकास गर्न र समुचित व्यवस्था मिलाउन उपराष्ट्रिय र स्थानीय बित्तीय संस्थाहरुसँग यथोचित सहकार्य गर्नेछौँ ।

१४४. हामी बीमा र पुनर्बीमा संस्थाहरु एवं शहरी र महानगरीय पूर्वाधार, भवन र अन्य शहरी सम्पत्तिसंग सम्बन्धित पक्षहरुसँग तथा आवास र आर्थिक आवश्यकता संरक्षित गर्नका लागि स्थानीयबासीसँग सहकार्य गरेर शहर र बस्तीमा जलवायु र प्रकोप जोखिमका सम्भाव्य उपायहरुको खोजी र बिकास गर्नेछौँ ।

१४५. हामी दिगो शहरी र क्षेत्रगत बिकासका लागि उपलब्ध सबै सार्वजनिक तथा निजी स्रोतहरुबाट थप स्रोत परि चालनलाई अभिप्रेरित गर्न अन्तरराष्ट्रिय सार्वजनिक बित्त व्यवस्थाको अतिरिक्त अन्य लगायत आधिकारिक बिकास सहायताको प्रयोगलाई सहयोग गर्नेछौँ । बिशेषतः सीमित आन्तरिक स्रोतसाधन सहितका अति गरिब र अतिजोखिमपूर्ण देशहरुको सार्वजनिक स्रोतसाधन आन्तरिक रुपमा परिचालन गर्ने प्रयासलाई पुरा गर्नमा अन्तरराष्ट्रिय सार्वजनिक बित्तव्यवस्थाले महत्वपूर्ण भूमिका खेल्दछ भन्ने तथ्यलाई मनन् गर्दै यसमा सम्भाव्य लगानीकर्ताहरुको जोखिम न्यूनीकरणलाई समावेश गर्न सकिन्छ ।

१४६. हामी दिगो शहरी बिकासमा योगदान गर्न, क्षमता अभिवृद्धि गर्न तथा सबै तहहरुमा र सबै सम्बन्धित पक्षहरुबाट शहरी समाधान र पारस्परिक शिकाई गर्नका लागि उत्तर–दक्षिण, दक्षिण-दक्षिण र त्रिकोणात्मक क्षेत्रीय र अन्तरराष्ट्रिय सहकार्य लगायत उपराष्ट्रिय, बिकेन्द्रिकृत र नगर-नगर बीच यथोचित सहकार्यको अवसरहरुलाई बृद्धी गर्नेछौँ ।

१४७. हामी क्षमता बिकासलाई शासनको सबै तहमा बहुसरोकारवाला र संस्थाहरुको क्षमता सम्बोधन गर्ने तथा दिगो शहरी बिकासको सार्वजनिक नीति बनाउन, कार्यान्वयन गर्न, बृद्धी गर्न, व्यवस्थापन गर्न, निरीक्षण गर्न र मूल्यांकन गर्न सक्ने व्यक्तिगत, सामाजिक र संस्थागत क्षमता संयोजन गर्ने बहुआयामिक पद्धतिका रुपमा प्रवर्द्धन गर्नेछौं ।

१४८. हामी राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय सरकारहरुको लगायत आवश्यकता अनुसार स्थानीय सरकारी संगठनहरुको महिला, बालबालिका र युवा, वृद्ध र अपांगता भएका व्यक्तिहरु, आदिबासी र स्थानीय समुदाय एवं जोखिमपूर्ण अवस्थामा भएकाहरु तथा नागरिक समाज, प्राज्ञिक क्षेत्र र अनुसन्धान केन्द्रहरुसँग सांगठनिक र संस्थागत शासन प्रक्रियालाई मूर्तता प्रदान गर्ने एवं उनीहरुलाई शहरी र क्षेत्रगत बिकासका बारेमा निर्णय प्रक्रियामा प्रभावकारी रुपले सहभागी गराउने क्षमता अभिबृद्धिलाई प्रवर्द्धन गर्नेछौं ।

१४९ हामी स्थानीय सरकारी संस्थाहरुको क्षमता बिकास कार्यक्रम गर्न शहरी नीति र बिकास प्राथमिकताको राष्ट्रिय परामर्शमा सहभागितालाई तथा उनीहरुको उपराष्ट्रिय र स्थानीय सरकारहरु एवं नागरिक समाज, निजी क्षेत्र, व्यवसायी, प्राज्ञिक क्षेत्र र अनुसन्धान केन्द्रहरु तथा वर्तमान सञ्जालहरुसँगको सहकार्यलाई पहिचान गर्दै र यथोचित रुपमा सुदृढ गर्दै उनीहरुलाई क्षमता बिकासको प्रवर्द्धक र प्रदायकका रुपमा सहयोग गर्नेछौं । यो कार्य समकक्षी बीचको शिकाई, पेशाकर्मीहरुको सञ्जाल र बिज्ञान र नीति अन्तर्सम्बन्ध, बिषयगत साझेदारी लगायत बिश्वव्यापी, क्षेत्रीय, राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय स्तरमा अन्तर–नगर पारस्परिक सहयोग बिषयसंग सम्बन्धित साझेदारी र सहयोगी गतिबिधि, जस्ता सहकार्यका माध्यमबाट हुनुपर्दछ ।

१५०. हामी **अडिस अबाबा कार्यसूची** अन्तर्गत गठित र **दिगो बिकास कार्यसूची २०३०** अन्तर्गत सुरु गरिएको प्रविधि सहजीकरण व्यवस्थाको प्रक्रियासँग पूर्ण सामञ्जस्यता, समन्वय र सहकार्यमा दिगो शहरी बिकासको लाभ उठाउनका लागि थप सहकार्य गर्न तथा बिज्ञान, प्रविधि र नवीन खोजबाट आर्जित ज्ञान बिनिमयको आवश्यकतामा जोड दिन्छौं ।

१५१. हामी नतिजा उन्मुख पद्धति प्रवर्द्धन गर्नका लागि र मध्यम देखि दीर्घकालिक दिगो प्रशासनिक र प्राविधिक क्षमता बृद्धि गर्न सबै तहमा सांगठनिक समन्वय लगायत वातावरणीय संवेदनशीलता र भ्रष्टाचार रोकथामका उपायमा आधारित रहेर पारदर्शी र निष्पक्ष निगरानी लगायत, लेखा, खरीद, प्रतिवेदन, लेखापरीक्षण र अनुगमन प्रक्रियामा उपराष्ट्रिय र स्थानीय सरकारलाई आर्थिक योजना र व्यवस्थापनमा सहयोग गर्नुको अतिरिक्त उमेर र लैंगिकमैत्री बजेटप्रति बिशेष सावधानी एवं लेखा प्रक्रिया र अभिलेखको सुधार र सांख्यीकरणबाट परिणाममुखी र मध्यमदेखि दीर्घकालीन प्रशासनिक र प्राविधिक क्षमता अभिबृद्धि गर्नुमा उपराष्ट्रिय र राष्ट्रिय कार्यसम्पादन र पालनाको समीक्षालाई प्रबर्द्धन गर्नेछौं ।

१५२. हामी नीति निर्माताहरु र स्थानीय अधिकारीहरुको लागि कानूनसंगत रुपमा भूमिमा आधारित राजस्व र आर्थिक साधनको प्रयोगको साथसाथै घरजग्गा बजार संचालन बारेमा मूल्य निर्धारण, उपलब्ध परिमाण, जग्गाको क्रमिक मूल्यबृद्धीमा केन्द्रित भएर यसका कानुनी र आर्थिक आधार बारेमा क्षमता अभिबृद्धी कार्यको प्रबर्धन गर्नेछौं ।

१५३. हामी शहरी बिकास प्रक्रियामा बहुसरोकारवालाहरु बीच साझेदारीका लागि स्वच्छ र पारदर्शी नीति लागू गर्न, आर्थिक र प्रशासनिक संरचना र प्रक्रियाहरु तथा योजना निर्देशिका योजना निर्देशिका तर्जुमा गर्नका लागि बहुसरो कारवाला साझेदारीको प्रयोगलाई व्यवस्थित(पद्धत्तीसंगतरुपमा) तरिकाले प्रवर्द्धन गर्नेछौं ।

१५४. हामी उत्कृष्ट अभ्यासहरु र नवीन उपायहरुमा जोड दिँदै **नयाँ शहरी कार्यसूची**को कार्यान्वयन सुरु गर्ने र निरन्तरता दिने योजना लगायत उपराष्ट्रिय निकायहरु, स्थानीय सरकारहरु र अन्य सम्बन्धित सरोकारवालाहरु बीच सहकार्य गर्ने सञ्जालहरु प्रवर्द्धन गर्ने स्वेच्छिक सहकार्य र गठबन्धन प्रयासहरुले गर्ने महत्वपूर्ण योगदानको कदर गर्दछौं ।

१५५. हामी महिला, बालबालिका र युवा, वृद्ध र अपांगता भएका व्यक्तिहरु, आदिबासी र स्थानीय समुदायका साथै जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुलाई शहरी तथा क्षेत्रगत बिकास सम्बन्धी निर्णय प्रक्रियाहरुमा प्रभावकारी सहभागिता सुनिश्चित गर्नका लागि शासकीय प्रक्रियालाई उचित स्वरुप दिन, बार्तामा संलग्न गराउन र मानव अधिकार र भेदभावको बिरुद्धमा प्रवर्द्धन र संरक्षण गर्नका लागि शीप र क्षमता सुदृढ र सबल गर्ने अभियानलाई प्रवर्द्धन गर्नेछौं ।

१५६. हामी महिला, बालबालिका र युवा, अपांगता भएका व्यक्तिहरु, वृद्ध र जोखिमपूर्ण अवस्थामा भएका व्यक्तिहरु सहित सबैका लागि सूचना र सञ्चार प्रविधिमा पहूंच पुर्‌याउनको लागि, उनीहरुमा नागरिक उत्तरदायित्वको बिकास र अभ्यास गराउन, सहभागिता विस्तार गर्न एवं उत्तरदायी शासन प्रबर्द्धन गर्न तथा प्रभावकारिता बढाउनका लागि प्राविधिक नवीनता र क्षमता बिकास कार्यक्रमको प्रयोग गर्दै राष्ट्रिय सूचना र सञ्चार प्रविधि नीति तथा इ-शासन रणनीति लगायत नागरिक-केन्द्रित सांख्यिक (डिजिटल) शासकीय साधनहरुको बिकासलाई प्रवर्द्धन गर्नेछौँ । दीर्घकालीन एकीकृत शहरी र क्षेत्रगत योजना र प्रारुपण, भूमि प्रशासन र व्यवस्थापन, तथा शहरी र नगरीय सेवाहरुमा सुगमता वृद्धि गर्नका लागि सांख्यिक (डिजिटल) मञ्च र साधनहरु लगायत भू-स्थानिक सूचना प्रणालीको प्रयोगलाई प्रेरित गरिनेछ ।

१५७. हामी विज्ञान, अनुसन्धान र अन्वेषण लगायत शहरी र क्षेत्रगत योजना र नीति निर्माण एवं संस्थागत व्यवस्थामा सामाजिक, प्राविधिक, सांख्यिक (डिजिटल) र प्रकृतिमा आधारित नवीनतामूलक, सुदृढ विज्ञान र नीतिको अन्तर्सम्बद्धतालाई तथा नीति निर्माण एवं सूचना, ज्ञान र विज्ञता विनिमय गर्ने लगायत आयसमुह, लैंगिक, उमेर, वर्ग, जातीयता, आप्रवासन अवस्था, अपांगता, भौगोलिक अवस्थिति र अन्य बिशेषताहरुमा वर्गीकृत राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय परिवेशसंग सान्दर्भिक भूगोलमा आधारित, समुदायद्वारा संचालित, उच्च गुणस्तरीय, सामयिक र भरपर्दो सूचना संकलन, बिश्लेषण, मापन र बितरण गर्ने संस्थागत व्यवस्थालाई सहयोग गर्नेछौँ ।

१५८. दिगो शहरी बिकास नीति र रणनीतिको कार्यान्वयनका क्रममा भएको प्रगतिलाई प्रभावकारी रुपमा अनुगमन गर्न तथा निर्णय प्रक्रिया र उपयुक्त समीक्षाबारे सुसूचित गर्न हामी राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय तहमा सूचना र तथ्यांकगत क्षमतालाई सुदृढ गर्नेछौँ । **नयाँ शहरी कार्यसूची**को कार्यान्वयन, अनुगमन र समीक्षाका लागि सूचना संकलन प्रक्रिया मूल रुपमा आधिकारिक राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय र अन्य उचित सूचना स्रोतहरुमा आधारित हुनुको साथै खुला, पारदर्शी र गोपनीयताको अधिकार र सबै मानवअधिकार सम्बन्धी प्रतिज्ञा र प्रतिबद्धताको पनि सम्मान गर्ने उद्देश्यसँग सामञ्जस्य राख्ने किसिमको हुनुपर्छ । यस कार्यमा जनतामा आधारित(जनमुखी) शहर र बस्तीको बिश्वव्यापी परिभाषामा भएको प्रगतिले सहयोग गर्न सक्दछ ।

१५९ हामी सूचना संकलन, नक्शांकन, बिश्लेषण र बितरणमा तथा तथ्यमा आधारित शासन प्रवर्द्धनमा राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय सरकारहरुको भूमिका र विस्तारित क्षमतालाई सहयोग गर्नेछौँ जुन बिश्वव्यापी रुपमा तुलनायोग्य र स्थानीय रुपमा उत्पादित तथ्यांक हुन र यी तथ्यांकहरु जनगणना, घरधुरी सर्बेक्षण, जनसंख्या दर्ता, समुदायमा आधारित अनुगमन प्रक्रिया र अन्य सान्दर्भिक स्रोतबाट संकलित तथा आय, लिंग, उमेर, वर्ग, जातीयता, आप्रवासनको अवस्था, अपांगता, भौगोलिक अवस्थितिमा अलग अलग छुट्याइएको र जुन राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय परिवेशमा सान्दर्भिक हुन्छ ।

१६०. हामी इ-शासन मार्फत् प्रभावकारी शहरी योजना र व्यवस्था, कुशलता र पारदर्शिता, सूचना र सञ्चार प्रविधिले सहयोग पुर्‌याउने पद्धति र भू-स्थानिक सूचनाको व्यवस्थापन बढाउनका लागि राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय सरकारहरु र सम्बन्धित सरोकारवालाहरु लगायत गैरसरकारी पात्र र व्यक्तिहरु बीच ज्ञान हस्तान्तरण र बांड्न प्राविधिक र सामाजिक साधनहरुको प्रयोगबाट खुला, उपभोक्ता-मैत्री र सहभागितामूलक तथ्यांक मञ्चको स्थापना, प्रवर्द्धन र बृद्धिलाई प्रोत्साहन गर्नेछौँ ।

## *अनुगमन र समिक्षा*

१६१. समावेशी ढंगमा प्रगति निगरानी, प्रभाव मूल्यांकन तथा कार्यसूचीको प्रभावकारी र सामयिक कार्यान्वयन, नागरिक प्रतिको हाम्रो जिम्मेदारी र पारदर्शिता सुनिश्चित गर्दै राष्ट्रिय, क्षेत्रीय र बिश्वस्तरमा सामञ्जस्य सुनिश्चित गर्न हामीले **नयाँ शहरी कार्यसूची**को आवधिक अनुगमन र समीक्षा गर्नेछौँ ।

१६२. हामी **नयाँ शहरी कार्यसूची**को स्वेच्छिक, राष्ट्रिय नेतृत्वयुक्त, खुला, समावेशी, बहुतहको, सहभागीमूलक र पारदर्शी अनुगमन र समीक्षालाई प्रेरित गर्दछौं । यस प्रक्रियाले राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय तहका सरकारहरुको यो गदानलाई ध्यान दिने तथा संयुक्त राष्ट्र संघीय प्रणाली, क्षेत्रीय र उपक्षेत्रीय संगठनहरु, प्रमुख समूहहरु र सम्बन्धित सरोकारवालाहरुको योगदानबाट पूर्णता दिनु पर्नेछ एवंसम्बन्धित सरोकारवालाहरुसँग सहकार्य गर्न र सुदृढ बनाउन एवं शहरी समाधान र पारस्परिक ज्ञान विनिमय गर्न यसलाई निरन्तरता दिनु पर्दछ ।

१६३. हामी सबै तहमा **नयाँ शहरी कार्यसूची**को अनुगमन र समीक्षामा क्रियाशील साझेदारका रुपमा स्थानीय सरकारको महत्वलाई स्वीकार गर्दछौं तथा राष्ट्रिय र उपराष्ट्रिय सरकारसँगको सहकार्यमा स्थानीय तहमा क्रियाशील अनुगमन र समीक्षा व्यवस्थासंग सम्बन्धित संगठन र उपयुक्त मञ्चमार्फत् उपयुक्त भएसम्म तिनको बिकासलाई प्रेरित गर्दछौं । यस सम्बन्धमा उनीहरुको योगदान क्षमतामा यथोचित अभिबृद्धि गर्न हामी ध्यान दिनेछौं ।

१६४. हामी **नयाँ शहरी कार्यसूची**को अनुगमन र समीक्षाको क्रममा दिगो बिकास कार्यसूची २०३० को अनुगमन र समीक्षासँग तिनको कार्यान्वियनमा समन्वय र सामञ्जस्यको लागि प्रभावकारी संयोजन हुनुपर्नेमा जोड दिन्छौं ।

१६५ हामी दिगो शहरीकरण तथा बस्तीको केन्द्रविन्दुका रुपमा अन्य संयुक्त राष्ट्र संघीय निकायहरुसंगको सहकार्यमा दिगो शहरीकरण र अन्य विषयमा दिगो बिकास, प्रकोप जोखिम न्यूनीकरण र जलवायु परिवर्तनबीचको अन्तर्सम्बन्धलाई पहिचान गर्दै युएन-ह्याबिट्याटको आफ्नो अधिकारक्षेत्र भित्रको भूमिका र बिज्ञताको पुनर्पुष्टि गर्दछौं ।

१६६. हामी महासभालाई सदस्य राष्ट्र एवं सम्बन्धित क्षेत्रीय र अन्तर्राष्ट्रिय संगठनहरुको स्वेच्छिक सहयोगसहित प्रत्येक चार-चार बर्षमा **नयाँ शहरी कार्यसूची** कार्यान्वयनको प्रगतिबारे प्रतिवेदन पेश गर्न र पहिलो प्रतिवेदन महासभाको बहत्तरौं सत्रमा पेशगर्न महासचिवलाइ आग्रह गर्दछौं ।

१६७. यस प्रतिवेदनले **नयाँ शहरी कार्यसूची**को कार्यान्वयनमा तथा दिगो शहरीकरण र मानव बसोवाससँग सम्बन्धित अन्तर्राष्ट्रिय रुपमा स्वीकृत उद्देश्य र लक्ष्यमा भएको प्रगतिको संख्यात्मक र गुणात्मक विश्लेषण गर्नेछ । राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय सरकारहरु, युएन-ह्याबिट्याट, संयुक्त राष्ट्र संघीय प्रणालीको अन्य सम्बन्धित निकायहरु, **नयाँ शहरी कार्यसूची** कार्यान्वयनमा सहयोगका लागि सम्बद्ध सरोकारवालाहरु र युएन-ह्याबिट्याट गभर्निंग काउन्सिलको प्रतिवेदनमा यो विश्लेषण आधारित हुनेछ । उक्त प्रतिवेदनमा यथासम्भव बहुपक्षीय संस्था र प्रक्रियाबाट एवं आवश्यकता अनुसार नागरिक समाज, निजी क्षेत्र र प्राज्ञिक क्षेत्रको सहयोग हुनुपर्छ । युएन-ह्याबिट्याटबाट सञ्चालित **बिश्व शहरी मञ्च** (वर्ल्ड अर्वन फोरम) जस्ता बिद्यमान मञ्च र प्रक्रियाहरुको आधारमा यसको रचना हुनुपर्दछ । सो प्रतिवेदनले दोहराउने कार्यलाई रोकेर स्थानीय, उपराष्ट्रिय र राष्ट्रिय परिस्थिति एवं कानूनी व्यवस्था, क्षमता, आवश्यकता र प्राथमिकतालाई सम्बोधन गर्नुपर्दछ ।

१६८. संयुक्त राष्ट्र संघीय प्रणालीका अन्य सम्बद्ध निकायहरुसँगको निकट सहकार्यमा संयुक्त राष्ट्र संघीय प्रणालीभित्रको समावेशी समन्वयलाई सुनिश्चित गर्दै युएन-ह्याबिट्याटले यस प्रतिवेदन रचनाको संयोजन गर्नेछ । यो प्रतिवेदन आर्थिक र सामाजिक परिषद्मार्फत् महासभामा प्रस्तुत हुनेछ[18]। यस प्रतिवेदनले दिगो बिकास कार्यसूची २०३० को अनुगमन र समीक्षासँग सामञ्जस्य, समन्वय र सहकार्यको सञ्जाललाई सुनिश्चित गर्ने उद्देश्य सहित महासभाको नेतृत्वमा सञ्चालन हुने दिगो बिकासका लागि उच्चस्तरीय राजनीतिक मञ्चलाई पनि पोषण गर्नेछ ।

१६९ बिश्व बसोबास दिवस र बिश्व शहरी दिवस लगायतका वर्तमान अभियानलाई प्रयोग गर्दै **नयाँ शहरी कार्यसूची**को कार्यान्वयनसँग सम्बन्धित सहकार्य, वकालत र जागरणमार्फत् हामी परिचालन प्रयासलाई सुदृढ बनाउँदै जानेछौं तथा नागरिक समाज, नागरिक र सम्बन्धित सरोकारवालाहरुको सहयोग परिचालन र निर्माण गर्न नयाँ पहलको बारेमा विचार गर्नेछौं । स्थानीय र क्षेत्रीय सरकारको बिश्व सम्मेलनमा प्रतिनिधित्व गर्ने उपराष्ट्रिय र स्थानीय सरकारलाई **नयाँ शहरी कार्यसूची**को अनुगमन र समीक्षामा निरन्तर संलग्न गराउनमा हामी जोड दिन्छौं ।

---

[18] यो प्रतिवेदन बसोवास कार्यसूचीको समन्वयी कार्यान्वयनका सम्बन्धमा महासचिवले आर्थिक र सामाजिक परिषद्लाई पेश गर्ने प्रतिवेदनको सट्टा प्रयोग गरिने प्रयोजन रहेको छ । यो सम्बन्धित कार्यसूची विषयअन्तर्गत महासभाले महासचिवलाई आग्रह गर्ने प्रतिवेदनमा थप नभई एउटा अंशको रूपमा हेरिएको छ ।

१७०. हामी महासभाको १६ डिसेम्बर १९६६ को निर्णय ५१।१७७, २१ डिसेम्बर २००१ को निर्णय ५६।२०६, ६७।२१६, ६८।२३९ र ६९।२२६ लगायत अन्य सम्बन्धित निर्णयहरु सहित १६ डिसेम्बर १९७६ को निर्णय ३१।१०९ र १९ डिसेम्बर १९७७ को निर्णय ३२।१६२ लाई पुनर्पुष्टि गर्दछौं । हामी युएन-ह्याबिट्याटको मुख्यालयको नैरोबी अवस्थितिको महत्वबारे पुर्नपुष्टी गर्न चाहन्छौं ।

१७१. संयुक्त राष्ट्र संघीय प्रणालीमा दिगो शहरीकरण र मानवीय बसोवासको सन्दर्भमा युएन–ह्याबिट्याटलाई केन्द्रीय भूमिका दिइएकोले संयुक्त राष्ट्र संघका अन्य निकायसँगको सहकार्यमा **नयाँ शहरी कार्यसूची**को कार्यान्वयन, अनुगमन र समीक्षाका लागि युएन-ह्याबिट्याटको महत्वलाई हामी जोड दिन्छौं ।

१७२. **नयाँ शहरी कार्यसूची**को परिप्रेक्ष्यमा र युएन-ह्याबिट्याटको प्रभावकारिता बढाउने उद्देश्यले हामी युएन-ह्याबिट्याटको तथ्यगत र स्वतन्त्र मूल्यांकनलाई महासभाको एकहत्तरौं सत्रमा पेश गर्न महासचिवलाई आग्रह गर्दछौं । यस मूल्यांकनको परिणामको रुपमा युएन-ह्याबिट्याटको प्रभावकारिता, कौशल, उत्तरदायित्व र निगरानीमा बृद्धि गर्ने सुझाव सहितको एउटा प्रतिवेदन तयार हुनेछ, जसमा निम्न बिषयगत बिश्लेषण समावेश गर्नु पर्नेछ :

(क) युएन-ह्याबिट्याटको नियामक र सञ्चालनात्मक अधिकार,

(ख) अझ प्रभावकारी, जवाफदेही र पारदर्शी निर्णय प्रक्रियाका लागि बिकल्पहरु सहित युएन-ह्याबिट्याटको शासकीय संरचना लगायत यसको शासकीय परिषद्मा सदस्यताको बिश्वव्यापीकरण,

(ग) सहकार्यको पूर्ण क्षमता दोहन गर्न युएन-ह्याबिट्याटको राष्ट्रिय, उपराष्ट्रिय र स्थानीय सरकार तथा अन्य सम्बन्धित सरोकारवालाहरुसँग सहकार्य

(घ) युएन-ह्याबिट्याटको आर्थिक क्षमता

१७३. हामी महासभाको एकहत्तरौं सत्रमा **नयाँ शहरी कार्यसूची**को प्रभावकारी कार्यान्वयन र त्यस सन्दर्भमा युएन-ह्याबिट्याटको स्थानको विषयमा छलफल गर्ने गरी महासभाका अध्यक्षबाट महासभाको उच्च स्तरीय दुई–दिने बैठक आह्वान गर्ने निर्णय गर्दछौं । यस बैठकमा अन्य विषयका अतिरिक्त उत्तम अभ्यास, सफलताका गाथा तथा प्रतिवेदनको विषयवस्तुको बारेमा छलफल हुनेछ ।

१७४. हामी महासभालाई **नयाँ शहरी कार्यसूची**को प्रगति मूल्यांकन तथा सबलीकरण गर्ने पुनर्नवीकृत राजनैतिक प्रतिबद्धताको सेरोफेरोमा सन् २०३६ मा आवास तथा दिगो शहरी बिकास सम्बन्धी अर्को संयुक्त राष्ट्र सम्मेलन (ह्याबिट्याट ४) आयोजना गर्न प्रोत्साहन गर्दछौं ।

१७५. हामी माथि दफा १६६ बमोजिम **नयाँ शहरी कार्यसूची**को स्वीकृतिदेखि भएको प्रगति तथा यसको कार्यान्वयनमा देखिएका चुनौतीहरुको समीक्षा र तिनलाई सम्बोधन गर्ने भावी मार्गचित्रको बिषयलाई सन् २०२६ मा प्रस्तुत गरिने चतुर्वार्षिक प्रतिवेदनमा समावेश गर्न महासचिवलाई अनुरोध गर्दछौं ।

## अनुवादमा प्रयुक्त केही प्रचलनयोग्य शव्दावली

| नेपाली | English | नेपाली | English | नेपाली | English |
|---|---|---|---|---|---|
| अनुकूलन | Adaptation | परिचालक, संवाहक | driver | रैथाने | endemic |
| आवागमन | mobility | परिष्कृत पुनर्निर्माण | Build Back Better | लघुधारक किसानहरु | Smallholder farmers |
| उत्थानशील | Resilience | पहूंच | access | लाभांश | devident |
| उद्यमशिलता | enterpreneureship | पारगमन | transmit | विपद् जोखिम व्यवस्थापन | DRM |
| उपराष्ट्रिय | Sub-national | पूर्वतयारी | preparedness | विषम | extreme |
| उपयुक्ततम | Optimum | प्रतिकार्य | response | बलजफ्ती निष्काशन | forced eviction |
| उत्तरदायी | responsieve | प्रस्फुटन गर्नु | trigger | व्यवसायी । पेशाकर्मी | professional/ Practitoner |
| उत्थानशिल | resilience | प्राक्कलन | predict | शहरी तापटापु | urban Heat-Island |
| एकजुट | solidarity | प्रारुपण | design | सघनता | compactness |
| कार्यसूची | Agenda | प्रदर्शन कला | performing art | सम्मानपूर्ण र मर्यादित | decent and dignified |
| किफायती, धान्न सकिने | affordable | प्रवर्तनीय | enforceable | सक्षम | enable |
| क्रमागत | incremental | प्रवेगिकृत | accelerated | सार्थक | meaningful |
| क्रमिकता | continuum | बहिष्करण | exclusion | सुगमता | Accessibility/ |
| किफायती | Affordable | बहूआयामिक | multi faceted | सामञ्जस्यता | cohesion |
| खंदिलो बनाउनु | agglomeration | भपरि आउने | contingency | सुसंगती | Coherence |
| गतिशीलता | Mobility | भौगोलिक स्वरुप | landscape | सुसम्पर्क | connectivity |
| जीवन्त | vibrant | माध्यम | means | सिमान्तिकरण, क्षयीकरण | marginalization |
| टिकाऊ | Sustained | मानवीयकरण | humanization | संकटासन्न व्यक्तिहरु | vulnerable people |
| ढांचा | pattern | मानक | standard | संयोजन | connectivity |
| नाजुक | fragile | मूल्य श्रृंखला | value chain | संवेदनशिल | vulnerable |
| निकाश वा निस्काशन | evacuation | तालमेल | synergy | सांख्यिक | digital |
| निरन्तरता दिनु, थेग्नु | sustain | दिगो | Sustainable | सांख्यीकरण | digitization |
| नियमन | regulation | द्रुत पुनर्लाभ | Rapid recovery | स्थानिक | spatial |
| प्रारुप, संरचना | framework | परिचालन | Mobilization | स्वरुप | form |
| स्तरोन्नती | upgrade | क्षेत्रगत | teritorial | | |


Quito, Ecuador





H III

HABITAT III

QUITO 17-20 OCTOBER 2016

United Nations Conference on Housing and Sustainable Urban Development

United Nations

**www.habitat3.org**

#NewUrbanAgenda #Habitat3

ISBN 978-92-1-132757-1

9 789211 327571 >